"कृषि, वन, पर्यटन प्रवर्द्धन र समावेसी समाजको सृजना, समाजवाद उन्मुख, दिगो विकास र समृद्धि याङवरकको चाहना "

याङवरक गाउँ कार्यपालिकाबाट आ.व. २०७९/८० मा सम्पादित् कार्यहरुको

# सामाजिक परीक्षण प्रतिवेदन, २०८०



**प्रतिवेदन पेश गर्ने**


## दिगो विकास समाज
## धरान १६, सुनसरी

Email : dibasdharan79@gmail.com/sdsdharan79@gmail.com

# याङवरक गाउँपालिकाको आर्थिक बर्ष २०७९/८० को

# सामाजिक परीक्षण प्रतिवेदन, २०८०

प्रारम्भिक प्रतिवेदन प्रस्तुत मिति : २०८० असोज २३

अन्तिम प्रतिवेदन पेश मिति : २०८० असोज २६


सामाजिक परीक्षण गर्ने विज्ञहरु

सुशासन विज्ञ श्री शुभेच्छा अधिकारी

ग्रामिण विकास विज्ञ श्री डम्बर रोगु

# पाँचथर जिल्लाको नक्सा



# गाउँपालिकाको नक्सा


पाँचथर जिल्ला
याङवरक गाँउपालिका
N
Taplejung
Copyright@MoFALD
2
INDIA
4
6
3
1
5
Hilihang
Gaunpalika
संकेत
N वडा नम्वर
वडा सीमाना
गाउँपालिका/नगरपालिका सीमाना
जिल्ला सीमाना
अन्तर्राष्ट्रिय सीमाना
Falelung Gaunpalika
Scale
0 2 4 8
Km
स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग
Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

# याङवरक गाउँ कार्यपालिकाको आर्थिक बर्ष २०७९/८० को सामाजिक परीक्षण प्रतिवेदन, २०८०

## भूमिका

स्थानीय तहमा सुशासन, पारदर्शिता र समावेसीतालाइ उच्च प्राथमिकता दिई हरेक बर्ष सम्पादन गरेका सामाजिक विकासका कार्यहरुको विज्ञहरुको समुहद्धारा सूचकगत रुपमा अध्ययन तथा विश्लेषण गरी सुझाव सहितको प्रतिवेदन पेश गर्ने पद्धतिनै सामाजिक परीक्षण हो । त्यसैले याङवरक गाउँ कार्यपालिकाले आर्थिक बर्ष २०७९।८० मा सामाजिक दायित्व पुरा गरे गाउँको सम्वन्धमा यो संस्था मार्फत सामाजिक परीक्षण गरिएको हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा हरेक स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली जारी गरी सोही अनुसारको सेवा प्रवाह र कार्य सम्पादन प्रणाली अनुसार कार्यसम्पादनस्तर मापनको लागि हरेक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्बन्धमा सूचकगत रुपमा अध्ययन तथा विश्लेषण गर्नु पर्ने व्यवस्था रहेको छ । स्थानीय वित्तिय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ को दफा ७६ तथा याङवरक गाउँपालिकाको सार्वजनिक जवाफदेहिता सम्बन्धी कार्यविधि, २०७८ को भाग ३ मा समेत स्थानीय तहले सामाजिक परीक्षण गर्नु पर्ने विधिवत व्यवस्था गरिएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको प्रमुख प्रशासकीय अधिकृतसँगको कार्य सम्पादन सम्झौता करार, २०७७ को बुँदा नम्बर ८ मा समेत सार्वजनिक जवाफदेहीता प्रबर्दनका लागि सार्वजनिक सनुवाई, सार्वजनिक परीक्षण तथा सामाजिक परीक्षण जस्ता औजारहरु नियमित रुपमा प्रयोगमा ल्याउने प्रतिबद्धता समेत भएकाले गाउँपालिकाले सामाजिक परीक्षण गर्नु पर्ने भएको हो । यो परीक्षणमा याङवरक गाउँपालिका क्षेत्रमा योजना तथा कार्यक्रम संचालन भएका सामाजिक विकास सम्बद्ध सामाजिक विकासको सूचकहरुको आधारमा यो परीक्षण भएको छ । २०८० साल असोज महिनामा परीक्षण कार्य सम्पन्नभई कार्यविधिमा उल्लेख भएका विधिहरुको प्रयोग गरी यो प्रतिवेदनमा सूचकगत विवरणहरु समावेश गरिएको छ ।

याङवरक गाउँ कार्यपालिकामा गत आर्थिक बर्षमा भएका कार्यहरुको परीक्षण प्रतिवेदनको प्रारम्भिक खाका तयार गरी विज्ञ मार्फत उक्त प्रतिवेदन गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, पदाधिकारीहरु, शाखा प्रमुख तथा वडासचिवहरुको सहभागितामा मिति २०८० साल असोज २३ गते प्रस्तुती गरी प्राप्त सुझावहरु समावेश गरी प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ । यो प्रतिवेदनमा उल्लिखित सुझावहरु सम्बद्धपक्षहरुसँग सहकार्य र समन्वयभई क्रमश कार्यान्वयन हुनेमा विस्वास लिएकाछौं ।

यो सामाजिक परीक्षण गर्न जिम्मेवारी दिनुहुने गाउँपालिकाका अध्यक्ष भीम बहादुर योङया, उपाध्यक्ष बाबा मेयाङ्बो, प्रमुख प्रशासकीय अधिकृत सुमन लिङदेन (लिम्बु) एवम् वडाध्यक्षहरुलाई विशेष धन्यवाद दिन चाहन्छौं । सामाजिक परीक्षण कार्यमा महत्वपूर्ण समन्वय र सहयोग गर्नु हुने शिक्षा शाखा प्रमुख सूर्य गौतम लगायत याङवरक गाउँ कार्यपालिकाको कार्यालयका शाखा प्रमुखहरु र वडासचिवहरुलाई धन्यवाद दिन चाहन्छौं । यसैगरी अध्ययन कार्यमा सूचना उपलब्ध गराइदिनुहुने कार्यालय, संघसंस्था, कर्मचारी एवम् सवै महानुभावहरु लगायत सामाजिक परीक्षण प्रतिवेदन उपर राय सुझाव दिनुहुने सवै महानुभावहरु प्रति आभार सहित धन्यवाद् व्यक्त गर्दछौं । प्रस्तुत प्रतिवेदनमा सिर्जनात्मक सल्लाह र सुझाव प्राप्त हुने अपेक्षा गर्दछौं । याङवरक गाउँपालिकाबाट आगामी दिनमा समेत यस संस्थालाई विभिन्न प्रकारका अनुसन्धनात्मक तथा संस्थागत विकासलागि सहजीकरण गर्ने अवसर प्राप्त हुने अपेक्षा गर्दछौं ।

**सामाजिक परीक्षकहरुको**

नाम : शुभेच्छा अधिकारी
सुशासन विज्ञ

नाम : डम्बर रोगु
ग्रामिण विकास विज्ञ

मिति २०८०।६।२६

दिगो विकास समाज
२०७५
धरान-१५

# याङवरक गाउँ कार्यपालिकाको
# आर्थिक बर्ष २०७९।८० को सामाजिक परीक्षण प्रतिवेदन, २०८०

विषयसूची


| क्र.स. | विषय | पेज नम्बर |
|---|---|---|
| १. | सामजिक परीक्षणको परिचय | १ |
| २. | सामाजिक परीक्षणका कानुनी तथा नीतिगत आधारहरु | २ |
| ३. | सामाजिक परीक्षणको उद्देश्य | २ |
| ४. | सामाजिक परीक्षणको महत्व | २ |
| ५.. | सामाजिक परीक्षण विधि | २ |
| ६. | सामाजिक परीक्षणको सीमा | ५ |
| ७ | समाजिक परीक्षण प्रतिवेदन प्रस्तुतिकरण कार्यक्रम विवरण | ५ |
| ८ | सामाजिक परीक्षण प्रतिवेदन तयारी | ५ |
| ९ | गाउँपालिकाको परिचय | ६ |
| १० | गाउँपालिकाको दिर्घकालिन सोच, लक्ष्य र उद्धेश्यहरु | ११ |
| ११ | गत वर्षको मुख्य मुख्य उपलब्धिहरू | १८ |
| १२. | यस वर्षको मुख्य मुख्य उपलब्धिहरु | १९ |
| १३. | गत वर्षमा भोगेका समस्याहरु | २४ |
| १४ | गाउँपालिकाको आ.व. २०७९।८० को बजेट आयव्यको संक्षिप्त विवरण | २५ |
| १५. | सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा | २६ |
| १६ | सामाजिक परीक्षणवाट देखिएका सवल पक्षहरु | ४६ |
| १७ | सामाजिक परीक्षणवाट देखिएका चुनौती तथा सुधार गर्नु पर्ने पक्षहरु | ४८ |
| १८ | सामाजिक जिम्मेवारी पुरा गर्न याङवरकका गाउँपालिकाले चाल्नुपर्ने कदमहरु वा सुझावहरु | ४९ |
| १९ | अध्ययन तथा सन्दर्भ पुस्तक तथा सामग्रीहरु | ५५ |

अनुसूची १ (कार्यक्रमको उपस्थिति विवरण तथा कार्यक्रमका तस्विरहरु)
अनुसूची २ (गाउँपालिकाको संगठन संरचना र कर्मचारी दरबन्दी)
अनुसूची ३ (जनप्रतिनिधि तथा कर्मचारीहरुको नामावली विवरण)
अनुसूची ४ (गाउँपालिकाका कानुनहरुको सूची)


दिगो विकास समाज २०७५ धरान-१६

# याङवरक गाउँ कार्यपालिकाको
# आर्थिक बर्ष २०७९।८० को सामाजिक परीक्षण प्रतिवेदन, २०८०

## १. सामजिक परीक्षणको परिचय :

सरकारले गर्ने शासनलाई पारदर्शिता, जवाफदेहीता र उत्तरदायी बनाई सुशासनको प्रत्याभुत गर्ने माध्यमनै सामाजिक परीक्षण हो । सरकारले सार्वजनिक उत्तरदायित्व बहन गर्दै नागरिकप्रतिको जवाफदेहीताको सुनिश्चित गरी सरकारले गरेको आर्थिक क्रियाकलापबाट समाज र पर्यावरणमा परेको प्रभावको मूल्याङ्कन गर्नुनै सामाजिक परीक्षणको मुलमर्म हो । सरकारले बनाएको नीति, ऐन, कानुनको प्रयोगबाट समाजमा परेको प्रभाव समेतको विश्लेषण हुने गरी नागरिकको सहभागितामा गरिने परीक्षण हो जहाँ सरकारले गरेको हरेक कामहरु सरकारको लागि होईन नागरिकको लागि हुन्छ । त्यसै गरी परियोजना, नीति वा कानुन कार्यान्वयनमा सार्वजनिक उत्तरदायित्व सुनिश्चित गर्ने कार्य सामाजिक परीक्षणबाट गरिन्छ ।

याङवरक गाउँपालिकाले आर्थिक बर्ष २०७९।८० मा सामाजिक दायित्व पुरा गरे नगरेको सम्वन्धमा सामाजिक परीक्षण गरिएको हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा हरेक स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली जारी गरी सोही अनुसारको सेवा प्रवाह र कार्य सम्पादन प्रणाली अनुसार कार्यसम्पादनस्तर मापनको लागि हरेक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेका सम्बन्धमा लेखाजोखा गर्नुपर्ने प्रावधान रहेको छ ।

स्थानीय निकायको सामाजिक परीक्षण गर्नका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७ जारी भई विगत देखिनै साविकमा स्थानीय निकायहरुले सामाजिक परीक्षण गर्ने प्रचलन रहेको थियो । यसै गरी स्थानीय वित्तिय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ को दफा ७६ तथा याङवरक गाउँपालिकाको सार्वजनिक जवाफदेहिता सम्बन्धी कार्यविधि, २०७८ को भाग ३ मा समेत गाउँपालिकाले हरेक बर्ष सामाजिक परीक्षण गर्नु पर्ने विधिवत व्यवस्था गरिएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको प्रमुख प्रशासकीय अधिकृतसँगको कार्य सम्पादन सम्झौता करार, २०७७ को बुँदा नम्बर ८ मा समेत सार्वजनिक जवाफदेहीता प्रवर्दनका लागि सार्वजनिक सनुवाई, सार्वजनिक परीक्षण तथा सामाजिक परीक्षण जस्ता औजारहरु नियमित रुपमा प्रयोगमा ल्याउने प्रतिबद्धता समेत भएकाले गाउँपालिकाले सामाजिक परीक्षण गर्नुपर्ने भएको हो ।

यो परीक्षणमा याङवरक गाउँपालिका क्षेत्रमा योजना तथा कार्यक्रम संचालन गर्ने सामाजिक विकास सम्बद्ध विषयगत शाखाहरुले एक आर्थिक वर्षमा पुरा गरेको सामाजिक दायित्वको लेखाजोखा र गाउँपालिकाको सामाजिक विकासको सूचकहरुको आधारमा यो परीक्षण भएको छ । २०८० साल असोज महिनामा सामाजिक परीक्षण कार्य सम्पन्न गर्न गाउँपालिका र यस संस्थाबीच सम्झौता भई कार्यविधिमा उल्लेख भएका विधिहरुको प्रयोग गरी यो सामाजिक परीक्षणमा विवरण समावेश गरिएको छ ।

## २. सामाजिक परीक्षणका कानूनी र नीतिगत आधारहरु

### क. संवैधानिक व्यवस्था :

१. नेपालको संविधानको प्रस्तावनामा, बर्गीय, जातिय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातिय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेसी र सहभागितामुलक सिद्धान्तका आधारमा समतामुलक समाज निर्माण गर्ने र लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजको निर्माण गर्ने विषय उल्लेख भएको ।

२. मौलिकहकहरुमा नागरिक स्वतन्त्रता, समानता, सूचनाको हक लगायतका अधिकारहरुको व्यवस्था भएकोले मौलिक हकलाई कार्यान्वयनका लाीग सरकारले आवश्यक कानुन तर्जूमा गरी कार्यान्वयन गर्ने व्यवस्था भएको ।

### ख स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा भएको व्यवस्था :

१. स्थानीय तहले आफनो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित्तता र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचालित कानुन बमोजिम कार्य सम्पादन गर्न आआफनो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्ने ।

२. गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सामाजिक परीक्षण कार्यक्रम सञ्चालन गर्नु पर्ने ।

### ग स्थानीय वित्तिय सुशासन जोखिम मूल्याङ्कन  कार्यविधि, २०७७ को दफा ७६  :

स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शि, उत्तरदायी र जवाफदेही बनाउन योजना, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक सामाजिक विकासमा पारेको समग्र योगदानबाट आफ्नो सामाजिक जिम्मेवारी पुरा भए नभएको सन्दर्भमा लेखाजोखा गर्न सरोकारवालालाई भेला गराई सामाजिक परीक्षण गरेको हुनु पर्ने ।

### घ याङवरक गाउँपालिकाको सार्वजनिक जवाफदेहिता सम्बन्धी कार्यविधि, २०७८ को दफा १४ (१) :

**गाउँपालिकाले हरेक आर्थिक बर्षमा सम्पादन गरेका कार्यक्रम तथा कार्य सम्पादनको लेखाजोखा र त्यसको सामाजिक उपलव्धी मापन गर्न सामाजिक परीक्षण गर्नु पर्ने व्यवस्था गरिएको ।**

## ३. सामाजिक परीक्षणको उद्देश्य :

सामाजिक परीक्षणका उद्देश्यहरु निम्न अनुसार रहेकाछन् ।

१) गाउँपालिकाले प्रचलित ऐन, नियमावली, निर्देशिका र कार्यविधि अनुसार समावेशी र समतामुलक विकासका लागि उपयुक्त नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने साथै लक्षित समुहलाई ध्यान दिई सेवा प्रवाह गर्ने दायित्व पुरा भए नभएको अध्ययन गर्नु ।

२) गाउँपालिकाले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्वन्धमा लेखाजोखा गरी प्रतिवेदन मार्फत आवश्यक सुझाव प्रस्तुत गर्नु ।

३) आवश्यकक्ता र प्राथमिकतापूर्वक विकास क्रियाकलाप सञ्चालन गर्नका लागि आवश्यक बजेटको सही सदुपयोग गरी निर्धारित समय र गुणस्तरमा कार्य सम्पादन गरी योजनामा पारदर्शिता र उत्तरदायित्व कायम राख्नु ।

## ४. सामाजिक परीक्षणको महत्व :

सामाजिक परिक्षणले सरकारको नागरिकप्रतिको जवाफदेहीता र पारदर्शितालाई संस्थागत गर्नेछ । सरकारबाट गरेका कार्यहरुको भौतिक परीक्षणको सत्यापनको मापन र परीक्षण हुनेछ र प्रशासनलाई जिम्मेवार बनाई लोकतान्त्रिक प्रणालीलाई संस्थागत गर्छ । समाजको लागि उपयुक्त नीति तथा कार्यक्रम तयार गरी समाजमा प्रशासनको भूमिका र जनताको विस्वास प्राप्त हुन्छ ।

## ५ सामाजिक परीक्षणका चरणहरु

याङवरक गाउँपालिकाको सार्वजनिक जवाफदेहिता सम्बन्धी कार्यविधि, २०७८ को भाग ३ मा उल्लेख भए अनुसार मुख्यतयः यो परीक्षणको अध्ययन विधि र तयारी चरणहरु निम्न अनुसार रहेको छ ।

### क. सामाजिक परीक्षण विधिहरु

- गाउँपालिकाको सामाजिक जिम्मेवारी सम्वन्धी नीति, ऐन, नियम, निर्णय र कार्यान्वयन प्रक्रिया र सो सम्वन्धी प्रतिवेदनहरुको अध्ययन,
- जनप्रतिनिधि, उपभोक्ता एवम् सरोकारवालाहरुसँग प्रश्नोत्तर तथा छलफल,
- विषयगत शाखा तथा वडा कार्यालयहरुसँग भेटघाट, अन्तरवार्ता र सूचना संकलन,
- विकास योजना तथा कार्यक्रमहरुको प्रतिनिधित्व हुने गरी स्थलगत अध्ययन तथा विश्लेषण ।
- प्राप्त सूचनाका आधारमा प्रारम्भिक प्रतिवेदन तयारी
- प्रारम्भिक प्रतिवेदनमाथी छलफल, प्रतिक्रिया र सुझाव
- प्राप्त सुझावका आधारमा अन्तिम प्रतिवेदन तयारी

## ख. सामाजिक परीक्षण तयारी चरणहरु

सामाजिक परीक्षण विज्ञहरुबाट गाउँ कार्यापालिकाको कार्यालयसँग समन्वय गरेर तपसिल बमोजिमको चरणगत प्रकृया अवलम्बन गरी सामाजिक परीक्षण कार्य सम्पादन गरिएको छ ।

### १. पहिलो चरण

गाउँपालिका जनप्रतिनिधि र कर्मचारीहरुको सहभागितामा सामाजिक परीक्षणको परिचय, पृष्ठभूमि, कानुनी व्यवस्था, अध्ययन विधि र प्रकृया एवम् अध्ययनका क्षेत्रगत सूचकहरु, सम्बद्ध कार्यालय वा विषयगत शाखाहरुले विवरण उपलव्ध गराउनु पर्ने विषयमा एक दिवशिय परिचायत्मक एवम् अनुशिक्षण सञ्चालन गरिएको छ ।

### २. दोश्रो चरण

सूचना संकलन तथा विश्लेषण गरी प्रारम्भिक प्रतिवेदन तयारीका लागि गाउँपालिकाको पाश्वचित्र, नीति तथा कार्यक्रमहरु, कानुनहरु, इमेल, इन्टरनेटमा राखिएका अन्य सामाग्रीहरु, प्रकासित सामाग्रीहरु, विभिन्न प्रगति तथा अध्ययन प्रतिवेदनहरु, गाउँ सभा, गाउँ कार्यपालिका, विभिन्न समितिहरुको निर्णयहरुको तुलनात्मक अध्ययन तथा विश्लेषण गरी सामाजिक उत्तदायित्व वहन सम्बन्धी सम्पन्न योजना तथा कार्यक्रमहरुको नमूना परीक्षण एवम् सरोकारवालाहरुसँगको अन्तरवार्ता, भेटघाट तथा छलफल गरिएको छ ।

### ३. तेश्रो चरण

दोश्रो चरण अनुसार गरिएको अध्ययन अनुसन्धान तथा विश्लेषण र छलफल अन्तरवार्ताबाट प्राप्त नतिजाहरुलाई सामाजिक परीक्षण कार्यविधिले तोके अनुसारको विभिन्न सूचकगत रुपमा प्राप्त भएको विवरणलाई तुलनात्मक रुपमा तालिका तयार एवम् विगत बर्षहरुमा भएको महत्वपूर्ण उपलब्धीहरु र सामाजिक उत्तरदायित्व पुरा गर्न पर्ने कार्यहरुलाई सुझावको रुपमा समावेश गरेर सरोकारवालाहरुको सहभागितामा प्रारम्भिक प्रतिवेदन प्रस्तुतिकरण गरियो र प्रस्तुत भएका सूचकहरुको तुलनात्मक विवरणलाई सहभागिहरुबाट अध्ययन तथा छलफल भई प्राप्त भएका सुझाव संग्रहित गरियो ।

### ४. अन्तिम चरण

सामजिक परीक्षणका लागि उल्लेखित चरण १ देखि ३ सम्म गरिएका अध्ययन अनुसन्धान, प्रतिवेदन प्रस्तुतिकरण र छलफलबाट प्राप्त भएका सुझावहरुलाई आत्सात् गर्दै थप सुधारात्मक रुपमा निर्धारित ढाँचामा आवश्यक विषयवस्तुहरु र अध्ययन सामाग्रीहरुको प्रमाणहरुसमेत संग्रहित गरी विज्ञ समुहबाट अन्तिम प्रतिवेदन दुई प्रति तयारी गरी गाउँ कार्यपालिकाको कार्यालयमा प्रतिवेदन पेश गरिएकोछ ।

६. **<u>सामाजिक परीक्षणको सीमा :</u>**

यो अध्ययन सामाजिक परीक्षण कार्यविधि र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा भएको गाउँपालिकाको काम कर्तव्य र अधिकार क्षेत्र भित्र रहेको छ ।

याङवरक गाउँपालिका र सामाजिक विकाससँग सम्वन्धित विषयगत कार्यालयहरु यस अध्ययनको विषय क्षेत्र भित्र रहेका छन । यो अध्ययनले गाउँपालिका अन्तर्गत भएका सामाजिक विकासका सूचकहरुको प्रतिनिधित्व मात्र गर्दछ र समग्र गाउँपालिकाको विकासको प्रस्तुती गरेको छैन । सामाजिक परीक्षणमा देहाय बमोजिम सीमा रहेका छन् ।

१. योजना र कार्यक्रमको बजेटको परीक्षण गरिएन ।

२. धेरै जसो सरकारका प्रतिनिधि तथा कर्मचारीको भूमिका प्रमुख थियो ।

३. सरोकारवालाहरुको मात्र सहभागिता रहयो ।

४. कार्यक्रम र योजनको प्रभावकारीताको मात्र जानकारी राखियो ।

५. सरकार र जनताबीचको मात्र अन्तर सम्बन्ध रहयो ।

६. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको स्थानीय सरकार काम कर्तव्य र अधिकारको विषयमा विद्यमान व्यवस्थाहरुको तुलनात्मक अध्ययन गरिएको छ ।

७. याङवरक गाउँपालिका र सामाजिक विकाससँग सम्वन्धित विषयगत क्षेत्रहरुको अध्ययन भयो ।

८. गाउँपालिका अन्तर्गत भएका सामाजिक विकासका सूचकहरुलाई मापन योग्य बनाई प्रस्तुत गरियो।

७. **<u>सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुति कार्यक्रम विवरण :</u>**

सामाजिक परीक्षणको लागि कार्यविधि अनुसार सरोकारवालाहरुको सहभागितामा निम्न मिति, समय र स्थानमा विज्ञ टोलीद्धारा प्रारम्भिक प्रस्तुतिकरण गरी विभिन्न सल्लाह र सुझाव प्राप्त गरियो ।

क) मिति : २०८० साल असोज २३ गते ।
ख) स्थान : याङवरक गाउँपालिका हल
ग) उपस्थिति संख्या : ३० जना ।

८. **<u>सामाजिक परीक्षण प्रतिवेदन तयारी</u> :**

सामाजिक परीक्षण कार्यविधि अनुसारको ढाँचामा गाउँ कार्यालयको विभिन्न विषयगत शाखाहरु, वडा कार्यालयहरु, सम्बद्ध संघसंस्था र कार्यालयहरुसँग रहेको सूचकगत कार्य प्रगति, जनप्रतिनिधि र सरोकारवालाहरुसँगको छलफल तथा अन्तरक्रिया र प्रारम्भिक प्रतिवेदन उपर प्राप्त सुझावहरु समेतलाई विज्ञटोलीद्धारा सूचकगत तथा विषयगत रुपमा विश्लेषण गरी सामाजिक परीक्षणको अन्तिम प्रतिवेदन तयार गर्ने कार्य सम्पन्न गरिएको हो ।

## ९. गाउँपालिकाको परिचय :

### याङवरक गाउँपालिकाको संक्षिप्त परिचय (Brief Introduction of Yangbarak )

### क. अवस्थिति, क्षेत्रफल, जनसंख्या र जातिगत विवरण र घरधुरी संख्या

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको राज्य संरचना अनुसार पाँचथर जिल्ला कोशी प्रदेशमा अवस्थित छ। विगतको प्रशासनिक विभाजन अनुसार मेची र कोशी अञ्चल अन्तर्गतका १४ जिल्ला रहेको यो प्रदेशको पाँचथर मेची अञ्चलमा पर्ने पहाडी जिल्ला हो। राज्य पुनसंरचना अनुसार यस जिल्लामा ८ स्थानीय तह निर्माण गरिए अनुसार १ नगरपालिका र ७ गाउँपालिका रहेका छन। याङवरक गाउँपालिका जिल्लाको सुदुर पूर्वि-उत्तर गाउँपालिका हो। साविक पाँचवटा गाविसलाई मिलाएर गाउँपालिका निर्माण भएको हो। जसको सिमाना छिमेकी मुलुक भारतसँग समेत जोडिन पुग्दछ। यस गाउँपालिकाको भौगोलिक अवस्थिति समुद्र सतहबाट ६०९ मिटर उचाइ याङवरक-४, खाल्डे, नागि देखि ४,५७५ मिटर उचाइ याङवरक-२, फलैंचाको चुचुरोसम्म फैलिएको छ। पाँचथर जिल्लाको उत्तर-पूर्वी भागमा अवस्थित यस गाउँपालिका जिल्ला सदरमुकाम फिदिमदेखि ३० किलोमिटर दुरीमा रहेको छ। यसको उत्तरी अक्षांश २७.२७०० देखि पूर्वी देशान्तर ८७.८६०० फैलिएको छ। यस गाउँपालिकाको केन्द्र थर्पु बजारमा रहेको छ। साविकको च्याङथापु गाविसको ९ वटै वडाहरू मिलाएर वडा नं. १, साविकको फलैंचा गाविसको ९ वटै वडाहरू मिलाएर वडा नं. २, साविकको ओयाम गाविसको ९ वटै वडाहरू मिलाएर वडा नं. ३, साविक थर्पु गाविसका १ देखि ५ वडाहरू मिलाएर वडा नं. ४, साविक थर्पु गाविसका ६ देखि ९ र नागीका १ र २ वडाहरू मिलाएर वडा नं. ५, साविक नागीका ३ देखि ९ वडाहरू मिलाएर वडा नं. ६ कायम भई यस गाउँपालिकाको जम्मा वडा सङ्ख्या ६ वटा रहेको छ।

याङवरक गाउँपालिकाको कुल क्षेत्रफल २०८.६३ वर्ग किलोमिटर रहेको छ। वि.सं. २०७८ सालको जनगणना अनुसार यस गाउँपालिकामा ३,९५६ घरधुरी रहेको देखिन्छ भने जम्मा जनसंख्या १६,८२१ रहेको छ। यस गाउँपालिकामा पुरुष ८,५१४ (५०.६%) र महिला ८,३०७ (४९.४%) रहेको देखिन्छ। साथै यस गाउँपालिकाको जनघनत्व ८१ रहेको छ।

यस गाउँपालिकामा विभिन्न किसिमका जातीय समुदायहरू बसोवास गर्दै आइरहेका छन् भने १२ जातिहरूको वाहुल्यता रहेको छ र तीमध्ये वहुसङ्ख्यक लिम्बु जाति (५२ प्रतिशत), राई जाति (१४%), व्राह्मण जाति (१३ प्रतिशत) र क्षेत्री (९%) रहेका छन्। अन्य जातीय समुदायमा क्रमशः दलित, गुरुङ, नेवार, शेर्पा, तामाङ तथा मगर जाति रहेका छन् भने थकाली, यादव, दनुवार, तामाङ जातिहरू अल्पसङ्ख्यक रूपमा रहेको देखिन्छ। धर्मका आधारमा सबैभन्दा बढी जनसङ्ख्या किराँत (५९%) र हिन्दु (३३%) धर्मालम्बीहरू रहेका छन् र वौद्ध तथा क्रिस्चियन धर्म मान्नेहरू पनि उल्लेखनीय सङ्ख्यामा रहेका छन्। भाषाका आधारमा सबैभन्दा बढी प्रयोग हुने नेपाली (६१%) र दोस्रोमा लिम्बु (३४%) रहेको( देखिएको छ भने राई भाषा (४%) र अन्य पनि केही प्रयोग हुने देखिएको छ। *(स्रोत: पोषणमैत्री र बालमैत्री स्थानीय शासनको अवस्था सम्बन्धी वस्तुगत विवरण, २०७९/०८०)*

## ख. भू-उपयोग स्थिति, कृषि, वन, चरन, संरक्षित क्षेत्र, तालतलैया, नदि

याङवरक गाउँपालिकाको कुल २०८.६३ वर्ग कि.मि. जमिनमध्ये वन क्षेत्र ४७.६२%, कृषि क्षेत्र ४०.४८%, आवास क्षेत्र ५.२४%, सार्वजनिक उपयोगको क्षेत्र ५.०९%, नदिनाला तथा सिमसार क्षेत्रले ओगटेको क्षेत्र १.३३%, व्यवसायिक क्षेत्र ०.२२%, औद्योगिक क्षेत्र ०.०१%, खानी तथा खनिज क्षेत्र ०.०१% र साँस्कृतिक तथा पुरातात्विक क्षेत्र ०.००% रहेको देखिन्छ । यस गाउँपालिकाको भूस्वामित्वको अवस्था हेर्दा कमै घरपरिवारमा महिलाको भूस्वामित्व रहेको देखिन्छ । केही घरपरिवारमा महिला पुरुष दुवैको संयुक्त भूस्वामित्व रहेको पनि देखिएको छ । अधिकांश जमिन वनजङ्गल फँडानी भएको, नयाँ बस्ती विकास भएको र पर्याप्त सिंचाइ सुविधा उपलब्ध नभएको कारणले बाँझो रहेका छन् । यस्तो बाँझो जग्गा गाउँपालिकाको उत्पादनको आधार बन्न सक्ने देखिन्छ । बाँझो रहेको जग्गालाई चक्लाबन्दी रूपमा सामुहिक खेती गर्न सकेमा गाउँपालिकाको आम्दानीमा वृद्धि हुने देखिन्छ ।

याङवरक गाउँपालिकामा २२ वटा प्राकृतिक पोखरीहरू, ३५ स्थानमा सामान्यरूपमा माछा पालन व्यवसाय सञ्चालन, सिंचाइ प्रयोजनको रुपमा प्रयोगमा रहेका ३५ वटा खोला, खोल्सा वा कुलो जसको कारणबाट कुल सिंचित क्षेत्रफल २४ प्रतिशत पुग्न सकेको अवस्थाहरू विद्यमान छन् ।

*(स्रोत: पोषणमैत्री र बालमैत्री स्थानीय शासनको अवस्था सम्बन्धी वस्तुगत विवरण, २०७९/०८०)*

## ग. धार्मिक एवम् पर्यटकीय क्षेत्र

याङवरक गाउँपालिका क्षेत्रभित्र ऐतिहासिक, धार्मिक, सांस्कृतिक, भौगोलिक रूपमा महत्वपूर्ण पर्यटकीय स्थलहरू रहेका छन् । यस गाउँपालिकाको क्षेत्रमा भएका पर्यटकीय स्थलहरूको प्रचार प्रसार र उक्त स्थलहरूमा पर्यटन पूर्वाधारको विकास गर्न सकेमा दैनिक रूपमा सयौंको सङ्ख्यामा पर्यटक भित्रन सक्ने देखिन्छ । यहाँका सबै वडाहरूमा कुनै न कुनै पर्यटकीय स्थल भएतापनि सबै भन्दा वढी वडा नं. १ मा रहेको देखिन्छ । गाउँपालिकाको गौरवको रुपमा रहेको ऐतिहासिक निशान कालिका धाम क्षेत्रलाई पर्यटकीय स्थल निर्माणको काम अन्तिम चरण पुगेको अवस्था छ । पर्यटकीय क्षेत्रको प्रचुर सम्भावना रहेको भएता पनि यसका लागि चाहिने आवश्यक पूर्वाधारहरू तथा होटल, होमस्टे आदिको कुनै पनि व्यवस्था नभएको एवम् भएका रमणीय, ऐतिहासिक, प्राकृतिक सुन्दरता आदिको उपयुक्त प्रचार प्रसार नभएका कारण पर्यटक भित्र्याउन र व्यवस्थापन हुन नसकि रहेको अवस्था छ ।

## घ. पेशा, रोजगारी र गरिबी मापन स्थिति

बालमैत्री तथा पोषणमैत्री स्थानीय तह घोषणा प्रयोजनार्थ आ. ब. २०७९।८० मा सञ्चालित घरधुरी सर्वेक्षणबाट प्राप्त तथ्याङ्क अनुसार यस याङवरक गाउँपालिकामा बसोवास गर्ने मानिसहरुको जम्मा वार्षिक आम्दानी ने.रु. ८,०५,०७,४००।- रहेको देखिन्छ जसमध्ये मुख्य पेशाबाट जम्मा वार्षिक आम्दानी ने.रु. ६,११,७५,३७१।- र सहायक पेशाबाट जम्मा वार्षिक आम्दानी ने.रु. १,९३,३२,०२९।- रहेको देखिन्छ । जम्मा ३,७५१ घरपरिवार रहेको यस गाउँपालिकामा मुख्य पेशाको रुपमा रहेको कृषि/पशुपालन गर्ने जम्मा ३,३०५ घरपरिवार रहेका छन्, व्यापार/व्यवसाय गर्ने १८८, सरकारी रोजगारीमा आवद्ध १४९, वैदेशिक रोजगारीमा रहेका ४४, नीजि क्षेत्रमा काम गर्ने १६ र अन्य पेशामा आवद्ध घरपरिवार ४९ रहेको देखिन्छ ।

यस याङवरक गाउँपालिकामा, गाउँपालिकास्तरीय घरधुरी सर्वेक्षण २०७५, याङवरक गाउँपालिका विषयगत कार्यालयहरूबाट प्राप्त सूचना एवम् सहभागितामूलक सूचनाहरू समेतलाई आधार मानी विश्लेषण गर्दा मानव विकास सूचकाङ्क ०.३९६, मानव संसाधन सूचकाङ्क ४२.२ र सामाजिक सूचकाङ्क २५.७ पाइएको छ । यहाँ प्राप्त तथ्याङ्कको आधारमा यस गाउँपालिकामा बसोवास गर्ने मानिसहरूको औसत आयु ७० वर्ष देखिएको छ भने औसत वार्षिक आम्दानी प्रतिव्यक्ति प्रतिवर्ष अमेरिकन डलरमा ११५२ रहेको पाइएको छ ।

## ङ. शिक्षा, साक्षरता स्थिति, विद्यालय तथा शिक्षण संस्था र पहुँचको स्थिति

याङवरक गाउँपालिकामा सम्पूर्ण उमेर समूहमा हेर्दा साक्षरता दर शुन्य प्रतिशत रहेको देखिएता पनि जातजाति, लिङ्ग, अपाङ्गता आदिका आधारमा निकै असमानता रहेको देखिन्छ । याङवरक गाउँपालिकाको जम्मा १५,३१२ जनसंख्या मध्ये आधारभूत तह उत्तिर्ण ५,११२, माध्यमिक तह उत्तिर्ण ५,०३३, उच्च शिक्षामा जाने ४१७, साधासरण लेखपढ गर्न सक्ने २,८१९, २ वर्ष मुनिका बालबालिका ५०७ र निरक्षर १,४२४ जना रहेको छ । यो तथ्याङ्कलाई हेर्दा गाउँपालिकाको साक्षरता प्रतिशत ९०.७० रहेको देखिन्छ भने माध्यमिक तहको शिक्षा पूरा गरेपश्चात विद्यालय छाड्ने दर अत्यधिक रहेको पुष्टि हुन आउँछ । २० वर्षभन्दा पहिले नै विवाह हुने प्रचलन, वैदेशिक रोजगारी आदि यसका प्रमुख कारण हुने अनुमान गर्न सकिन्छ । यस गाउँपालिकामा ३६ वटा आधारभूत विद्यालय (सरकारी ३० र निजी ६), ७ सरकारी माध्यामिक, १ सरकारी क्याम्पस, १ वेदविद्याश्रम र ३५ बालविकास गरी हालसम्म जम्मा ८० वटा शैक्षिक संस्थाहरू सञ्चालनमा रहेको देखिन्छ । विद्यालयहरूमा सबैका लागि पहुँचयुक्त संरचना अभाव, शौचालय र खानेपानी अभाव, शिक्षक दरवन्दीको कमी, शिक्षक तालिम एवम् भौतिक संरचनाहरू शिक्षा क्षेत्रको सुधारका लागि मुख्य चुनौतीहरू रहेका छन् ।

*(स्रोत: पोषणमैत्री र बालमैत्री स्थानीय शासनको अवस्था सम्बन्धी वस्तुगत विवरण, २०७९/०८०)*

## च. स्वास्थ्य स्थिति स्वास्थ्य संस्थाहरु स्वास्थ्य सेवामा पहुँचको स्थिति

यस गाउँपालिकामा कुनैपनि प्रकारको अस्पताल सञ्चालनमा नरहेको तर हाल १५ शैयाको अस्पताल निर्माणाधिन अवस्थामा रहेको र ५ वटा स्वास्थ्य चौकी १ वटा आधारभूत स्वास्थ्य केन्द्र र २ वटा सामुदायिक स्वास्थ्य इकाइबाट छ वटै वडाहरू समेट्ने गरी स्वास्थ्य सेवा प्रवाह भइरहेको अवस्था छ । यस गाउँपालिकालाई आ.व. २०७९/०८० को नियमित खोप अन्तर्गत पूर्णखोप सुनिश्चित तथा दिगोपना कायम गाउँपालिका घोषणा गरिएको छ । बालमैत्री तथा पोषणमैत्री स्थानीय तह घोषणा प्रयोजनार्थ गरिएको घरधुरी सर्वेक्षणबाट प्राप्त तथ्याङ्क अनुसार कडा शिघ्र कुपोषण (MAM Case) भएका बालबालिकाको संख्या ४ र मध्यम शिघ्र कुपोषण (SAM Case) भएका बालबालिकाको संख्या २५ गरी जम्मा २९ जना बालबालिकाहरु हालपनि कुपोषित अवस्थामा रहेको देखिन्छ । स्वास्थ्य तथा सरसफाइको क्षेत्रको सुधारको लागि सबैका लागि पहुँचयुक्त संरचना अभाव, स्वास्थ्यकर्मीहरूलाई तालिम, स्वास्थ्य उपकरणहरू तथा जनचेतनामूलक कार्यक्रमको तीव्र आवश्यकता रहेको छ ।

## छ. खानेपानी तथा सरसफाइ स्थिति, पहुँच तथा चर्पी प्रयोग

बालमैत्री तथा पोषणमैत्री स्थानीय तह घोषणा प्रयोजनार्थ आ.व. २०७९/०८० मा गरिएको घरधुरी सर्वेक्षणबाट प्राप्त तथ्याङ्क अनुसार यस गाउँपालिकामा ८४ प्रतिशत भन्दा बढी घरधुरीमा खानेपानी उपलब्ध भएको छ भने ३,७५१ घरपरिवार मध्ये ९२.२१ प्रतिशत घरपरिवारमा कुनै न कुनै किसिमको शौचालय भएको र बाँकी ७.७९ प्रतिशत घरपरिवारले साधारण शौचालय प्रयोग गर्ने गरेको पाइन्छ । यस गाउँपालिकामा खानेपानीको लागि पर्याप्त मुहान रहेकोले आवश्यक पूर्वाधार निर्माण गर्न सके सम्पूर्ण घरधुरीमा खानेपानी उपलब्ध गराउन सकिने संभावना रहेको छ ।

## ज. खानी, खनिज, उद्योग व्यवसाय प्रकार संस्था तथा रोजगारीको स्थिति

यस गाउँपालिका वडा नं. २ फलैंचामा एक सुन खानी भएको भनिएता पनि हालसम्म कुनै ठोस प्रमाण भने प्राप्त भएको छैन, यस गाउँपालिकामा दुईवटा चिया उद्योग संचालनमा रहेका छन् भने केहि साना नेपाली कागज उद्योगहरु संचालनमा रहेका छन् । यस गाउँपालिकामा साना र मझौला गरी व्यापार व्यवसायहरु संचालनमा रहेका छन । यस गाउँपालिका क्षेत्रभित्र उक्त उद्योग व्यवसायमा न्यून जनशक्तिले मात्र रोजगार पाएका छन् ।

त्यस्तै दुधजन्य पदार्थ उत्पादन तथा प्रशोधनको लागि डेरी तथा छुर्पी उद्योगहरु पनि स्थापना भई सञ्चालनमा रहेका छन् । यस गाउँपालिकामा अलैंची, अम्रिसो, अदुवा, चिराइतो, सनपाट, जडिबुटी जस्ता कृषिजन्य नगदेबालीहरु प्रचुर मात्रामा उत्पादन हुने भएकोले प्रशोधन तथा बजारीकरणको लागि आवश्यकता रहेको देखिन्छ ।

## ञ.  कृषि, पशु सेवा, पोषण, खाद्य निर्भरता

यस गाउँपालिकाको मुख्य आम्दानीको श्रोत भनेकै कृषि र पशुपालन रहेको छ । यस गाउँपालिकामा कृषि तथा पशुपालन पेशालाई व्यवसायिक तथा आधुनिकिकरण गर्नको लागि ९४ वटा कृषि तथा पशुपालन फर्म दर्ता तथा ४६ वटा कृषि तथा पशुपालन फर्म नविकरण भई सञ्चालन भइरहेका छन् । त्यसैगरी कृषि विकास शाखा अन्तर्गत ६४ वटा कृषक समूहहरु दर्ता भई हाल २१ वटा समुहहरु सकृय रुपमा सञ्चालन भईरहेका छन् । फलफूल, तरकारी, डाले घाँस तथा जडिवुटिको विरुवा बाहिरी क्षेत्रबाट आयात गर्नु पर्दा यस गाउँपालिका अन्तर्गतका कृषकहरुको मोटो रकम बाहिरिने समस्यालाई अन्त्य गर्न यस गाउँपालिकाबाट विभिन्न प्रजातिका विरुवा निर्यात गरी कृषकहरुको आय वृद्धि गर्ने उद्देश्यले गाउँपालिकामा नर्सरी स्थापना गरी सञ्चालनमा ल्याइएको थियो । याङवरकवासी कृषकहरुलाई पशुपंक्षीहरुको स्वास्थ्य व्यवस्थापन गरी उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि औषधि खरिद गरी वितरण गरिएको छ । पशुपालक कृषकहरुको आय आर्जनमा वृद्धि गर्नको लागि गाउँपालिकाभित्र निशुल्क रुपमा नियमित कृत्रिम गर्भाधान कार्यक्रम संचालनमा ल्याइएको छ । यस कार्यबाट दैनिक उपभोग्य वस्तु दुध, घ्यू, छुर्पि तथा दुग्धजन्य पदार्थको उत्पादनमा वृद्धि भएको छ ।

## ट.  अन्य

भौतिक विकास (सडक, खानेपानी, विजुली आदि) लाई मात्र विकासको प्राथमिकता मान्ने परम्परागत सोच, चलन र दृष्टान्त रहेका कारण विकासको सम्भावना बोकेका थुप्रै क्षेत्रहरु एवम् मानवीय विकासका पक्षहरूमा भने यो गाउँपालिकामा अबका दिनमा बढी जोड दिनुपर्ने देखिएको छ । शिक्षा, स्वास्थ्य, पर्यटन प्रवर्द्धन, उपलब्ध जल जमिन खानीजन्य पदार्थहरू आदिको सही सदुपयोग तथा संरक्षण, कृषिमा आधुनिकीकरण, मानव जनशक्ति विकास र यसमा लगानी जस्ता थुप्रै क्षेत्रहरूलाई यस गाउँपालिकामा व्यवस्थित गर्न जरुरी देखिएको छ । विकासको मूलधारमा जनसहभागिता, जनताको अपनत्व, जनताको निर्णय दिगो विकासका अपरिहार्य पक्षहरू हुन् र यसलाई आत्मसात गर्न वाञ्छनीय छ । अबको विकासलाई दिगो विकास लक्ष्यले लिएका लक्ष्य, सहायक लक्ष्यहरू तथा सूचकहरूसँग तालमेल गरि तुलनात्मक रूपमा प्रगतिको समिक्षा हुनु अपरिहार्य छ । यसका लागि समेत स्थानीय स्तरमा नै मानवीय क्षमता विकास गरी सिर्जनात्मक तथा वैज्ञानिक सोचहरूको विकास र समग्र गाउँपालिकाको परिवर्तनकारी पहलमा नवोदित सोचको प्रयोग महत्वपूर्ण पक्षहरू हुन सक्दछन् । याङवरक गाउँपालिकाले समृद्ध गाउँपालिकामा रूपान्तरणका लागि श्रमजीवि अवधारणा वा खान पुग्ने स्थिति निर्माणको सोच भन्दा औद्योगिक विकास सहित द्वितीय वा तृतीय स्तरको उत्पदानको लागि मानव संसाधन तयार गरी आवश्यक विकास योजनाहरु सोही अनुरुप तयार गर्नु अहिलेको सान्दर्भिकता हुन आउँछ ।

## १०. गाउँपालिकाको दिर्घकालिन सोच, लक्ष्य र उद्धेश्यहरु :

### १०.१ पृष्ठभूमि

नेपालमा लामो समयदेखि राजनैतिक परिवर्तनका लागि भएको विभिन्न आन्दोलनहरुबाट प्राप्त भएको महत्वपूर्ण उपलब्धीको रुपमा संविधान सभामार्फत नेपालको संविधान निर्माण भएको छ । यो संविधानले नेपाली नागरिकलाई अधिकार सम्पन्न बनाउनुका साथै तीन तहको सरकारबाट सेवा लिने अवसर सिर्जना गरेको छ । नेपालको संविधानले संघीय, प्रदेश र स्थानीय सरकारको अधिकारको व्यवस्था अनुसुचीमानै स्पष्ट व्यवस्था गरेको छ । यसरी संविधानमा उल्लेख गरिएका अधिकार प्रयोग गर्दा तीन तहका सरकार विच सहकारिता, सहअस्तित्व र समन्वय कायम गर्नु पर्ने संवैधानिक व्यवस्था रहेको छ । तीनै तहका सरकारहरुबीच कार्य जिम्मेवारीको बाँडफाँड गरी संविधान तथा कानुन बमोजिम  सम्पादन गर्नु पर्ने जिम्मेवारीको लागि आवश्यक पर्ने बजेटको श्रोतको समेत व्यवस्था भएको छ । स्थानीय तहको लागि प्रदान गरिएको यस्तो स्रोतमा आफैले परिचालन गर्ने तथा कर र स्रोतको राजस्वको अलावा संघ तथा प्रदेशबाट प्रदान गरिने समानिकरण, सशर्त, समपुरक र विशेष अनुदान र राजश्व बाँडफाँड रकम रहेको छ । यसरी स्थानीय सरकारले आफुलाई प्राप्त अधिकार अनुसारका क्षेत्रमा स्रोत पहिचान एवम् परिचालन गरी नागरिकको चाहना र आवश्यकक्ता अनुसारका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्नु, सेवा व्यवस्थापनका लागि  कानुन तर्जूमा गर्नु र प्रभावकारी रुपमा नियमित सेवा प्रवाह गरी उत्तरदायि सरकारको रुपमा काम गर्नु पर्ने भएकाले याङवरक गाउँपालिकाले समेत निर्वाचित सरकार गठन भएपछि प्रचलित कानुन बमोजिम बार्षिक नीति तथा कार्यक्रम, योजना तथा बजेट तर्जूमा गरी कार्यान्वयन गर्ने, सेवा प्रवाहलाई जनमुखी एवम् उत्तरदायी बनाउन आवश्यक देखिएका विभिन्न प्रकारका कानुनहरु तर्जूमा गरी कार्यान्वयन गर्ने एवम् गाउँपालिकाको संस्थागत विकासका लागि विभिन्न प्रकारका समितिहरुको गठन तथा परिचालन, गाउँपालिका तथा सो अन्तरगतका अन्य संरचनाहरुको कार्यालय भवन निर्माण, १५ सैयाको अस्पताल भवन लगायतका कार्यहरु सम्पादन गर्दै गाउँ सरकारले नागरिक प्रति उत्तरदायी भई सोही अनुरुप विकास व्यवस्थापन एवम् सेवा प्रवाह गर्दै आएको छ ।

### १०.२ दीर्घकालिन सोच :

**याङवरक गाउँपालिकाको दिर्घकालिन सोच : “कृषि, वन, पर्यटन प्रवर्द्धन र समावेसी समाजको सृजना,समाजवाद उन्मुख, दिगो विकास र समृद्धि याङवरकको चाहना ” रहेको छ ।**

## १०.२ लक्ष्य :

वि.स. २०८१ सम्ममा उपलब्ध श्रोत तथा साधनहरु एवम् प्रविधिको सदुपयोग हुने गरी नागरिक तथा विकास साझेदारहरुसँग सहकार्य गरेर सामाजिक न्याय, सुशासन, गरिवी निवारण एवम् समावेसी विकास सहितको समावेसी समाज निर्माण गरी समृद्ध तथा नेपालको नमूना गाउँपालिकामा रुपान्तरण हुने ।

## १०.३ उदेश्य :

**मुख्य उद्देश्य :** उत्पादनसिल रोजगारी उन्मुख र न्यायपूर्ण वितरण सहितको उच्च आर्थिक बृद्धिदर द्रुत गतिमा गरिवी न्यूनिकरण गर्दै आर्थिक र सामाजिक रुपान्तरण गर्नु ।

**विशिष्ट उद्देश्यहरु :**

- ❖ दिगो विकास लक्ष्य र निर्धारित सूचकहरु हासिल गर्नु ।
- ❖ शिक्षा, स्वास्थ्य, लगायत आधारभूत सेवा तथा संरचनाहरुमा सवैको पहुँचको सुनिश्चित्तता गर्नु ।
- ❖ समावेसी विकास प्रवर्द्धन सहित असमानता न्यूनिकरण गरी विकासमा सवैको अपनत्व सुनिश्चित गर्नु ।
- ❖ कृषि उत्पादकत्व बृद्धि तथा उद्यम विकास गरी द्रुत आयआर्जनका अवसरहरु सिर्जना गरेर उच्च आर्थिक वृद्धिदर प्राप्त गर्नु ।
- ❖ सुशासन तथा गाउँपालिकाबासीहरुलाई सामाजिक न्यायको प्रत्याभूति गराइनु ।
- ❖ प्रविधि विकास तथा विस्तार गर्नु ।
- ❖ मानव अधिकार संरक्षण,दण्डहिनताको अन्त्य सहितको सामाजिक सुरक्षालाई सुनिष्चत गर्नु ।

## १०.४ याङवरक गाउँपालिकाको विकास रणनीति

### १. गुणस्तरीय तथा प्राविधिक शिक्षा

- प्रविधिमैत्री बनाइनेछन् र समावेशी शिक्षा सहितको समावेशी विद्यालयमा रूपान्तरित हुनेछन् ।
- विद्यालयहरूमा समावेशी पूर्वाधारहरू हुनेछन ।
- विद्यालय उमेरका सबै बालबालिकाहरूको लागि सहज गुणस्तरीय शिक्षा एवम् इच्छुक विद्यार्थीहरूको लागि प्राविधिक शिक्षा उपलब्ध गराइने छ ।
- विद्यार्थी शिक्षक अनुपात अनुसार शिक्षक दरवन्दी व्यवस्थापन गरिने छ ।
- नीतिगत व्यवस्था अनुसार निःशुल्क पाठ्यपुस्तकहरूको आपूर्ति नियमित रूपमा गरिनेछ ।
- शिक्षा र स्वास्थ्यबिच समन्वय गरी विद्यालयहरूमा स्वास्थ्य जाँच गराउने कार्यलाई सुनिश्चित गरिनेछ ।
- सम्पन्नता स्तरीकरण (आर्थिक, सामाजिक, भौतिक, वातावरणीय, सामाजिक आदि सूचकहरू) गरेर सम्पन्नताको आधारमा विपन्न, दलित परिवारका सदस्यहरूलाई प्राविधिक शिक्षामा विशेष सहुलियत दिइनेछ ।

## २. स्वास्थ्य, सरसफाइ, पोषण तथा खाद्य सुरक्षा

- अस्पतालहरू तथा स्वास्थ्य केन्द्रहरूलाई प्रविधिमैत्री बनाइनेछ ।
- स्वास्थ्य संस्थाहरूमा समावेशी पूर्वाधारसहित सबैका लागि सुलभ सेवा उपलब्ध गराइनेछ ।
- स्वास्थ्य बिमा कार्यक्रम लागु गरिनेछ ।
- नीतिगत प्रावधान अनुसारका निःशुल्क औषधीहरूको आपूर्ति नियमित रूपमा गरिनेछ ।
- पोषणयुक्त खाद्यवस्तुहरूको उत्पदनकोलागि प्रोत्साहित गरिनेछ ।
- खाद्यसुरक्षा सम्बन्धि नीति बनाएर लागु गरिनेछ ।

## ३. कृषिको आधुनिकीकरण तथा व्यवसायिकरण

- कृषि पेशामा रहनेहरूको सिप र दक्षता अभिवृद्धि गरी कृषि तथा पशुपालन क्षेत्रको आमूल रूपान्तरण गर्न कृषिको व्यसायीकरण, यान्त्रीकरण, सूचना तथा प्रविधिको उपयोग गरेर उद्योगधन्दा विकास तथा बजारीकरण गरिनेछ ।
- कृषिभूमिको संरक्षण एवम् समुचित उपयोग गरी बाँझो तथा गैर कृषि प्रयोजनलाई निरुत्साहित गरिनेछ ।
- सहकारी तथा सामुदायिक खेती प्रणालीलाई प्रोत्साहित गरिनेछ ।
- कृषि तथा पशुबिमा कार्यक्रमहरू लागु गरिनेछ ।
- कृषि सूचना प्रणालीको विकास गरिनेछ ।
- व्यवसायिक पशु पालन तथा खेती प्रणालीको विकास गरिनेछ ।
- समुदायमा आधारित भएर सिंचाई योजनाहरू सम्पन्न गरिनेछ ।
- जलस्रोतको संरक्षण तथा सदुपयोग गरिनेछ ।

## ४. आन्तरिक राजस्व वृद्धि तथा वित्तीय सुशासन

- उत्पादित वस्तुहरूको बजारीकरणलाई सुनिश्चित गरिनेछ ।
- आय वृद्धि गर्ने घर परिवारलाई सम्मान गरिनेछ ।
- सकारात्मक प्रभाव पार्ने उद्योग, होटल व्यवसाय आदि सञ्चालन गरेर पालिका भित्रका न्यूनतम १० जनालाई नियमित रोजगारी दिने रोजगारदाताहरूलाई करमा सहुलियत दिइने छ ।
- योजना अवधिको २ वर्ष भित्र प्रत्येक व्यक्ति कुनै न कुनै सहकारीको सदस्य भएको अवस्था सृजना गरिनेछ ।
- योजना अवधिको २ वर्ष भित्रमा प्रत्येक घरधुरीको अनिवार्य बैङ्क तथा सहकारीमा आवद्ध गरी उत्पादन बिक्री, रोजगारी आदिको कारोवार बैङ्क तथा वित्तीयसंस्था मार्फत गर्नुपर्ने नियम बनाईनेछ ।

- योजना अवधिमा स्थानीय स्रोत तथा साधनमा आधारित सबै घरधुरीको अनिवार्य सहभागिता रहने गरी मझौला र ठुला उद्योगहरूको स्थापना गरी आय आर्जन तथा रोजगारीका अवसरहरू सिर्जना गरिनेछ ।
- करको दायरालाई फराकिलो बनाइनेछ र कर तिर्न प्रोत्साहित गरिनेछ ।
- सार्वजनिक खर्चमा मितव्ययीता अपनाइनेछ ।

## ५. पर्यटन प्रवर्द्धन र विकास

- गाउँपालिकालाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न पर्यटन नीति तथा आचार संहिता तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- विद्यमान पर्यटकीय गन्तव्यहरूको सुदृढीकरण गर्दै नयाँ-नयाँ गन्तव्यहरू विकास गर्दै लगिनेछ ।
- घर बस्तीको सौन्दर्यकरण गर्ने, बाटोको दाँया बाँया रुख रोपण, खोलाको किनारामा बाँस एवम् वृक्षारोपण, व्यवस्थित सार्वजनिक शौंचालय आदिको व्यवस्थापन गरिनेछ ।
- कला, सँस्कृति, साहित्य, भाषा, धर्म तथा साँस्कृतिक धरोहरहरूको संरक्षण, सम्वर्धन र प्रवर्द्धन गरीनेछ ।

## ६. जलस्रोत तथा ऊर्जा विकास

- शत प्रतिशत घरधुरीमा विजुली उपलब्ध गराइनेछ ।
- जलस्रोतका मुहान तथा जालाधारहरू संरक्षण गरिनेछ ।
- जलमा आधारित उद्योगहरूलाई प्रवर्द्धन गरिनेछ ।
- गाउँपालिका र नागरिकहरूको साझेदारीमा खानेपानी उद्योग सञ्चालन गरिनेछ ।

## ७. सूचना, प्रविधि तथा सञ्चार

- गाउँपालिकाका सबै लागत तथा रेकर्डहरू विद्युतीय प्रणालीमा राखिनेछ ।
- निश्चित रकम भन्दा माथीका बोलपत्र आह्वान गर्दा विद्युतीय आवेदन मात्रै माग गरिनेछ।
- निश्चित रकम भन्दा माथिको आर्थिक कारोवार बैङ्कमार्फत गरिनेछ ।
- सबै बस्तीहरूमा टेलिफोन, इन्टरनेट सेवा उपलब्ध गराइने ।
- सबै विद्यालयहरूलाई प्रविधिको प्रयोगको लागि उत्प्रेरित गरिने ।

## ८. यातायात व्यवस्थापन तथा सडक सञ्जाल स्तरोन्नति

- गाउँपालिकाले भौतिक पूर्वाधार मापदण्ड निर्माण गरी लागु गर्ने छ । सबै प्रकारका सार्वजनिक भौतिक संरचनाहरू समावेशी हुनेछन् ।

- सबै प्रकारका भौतिक पूर्वाधारहरूको योजना तर्जुमा प्रक्रियादेखी सम्पन्न भएर हस्तनान्तरण प्रक्रिया सम्म सार्वजनिक सुनुवाइ, जनसम्पादन जस्ता प्रक्रियाहरूमार्फत अनुगमन तथा मूल्याङ्कन गरिने छ ।
- निजी, सरकारी, सार्वजनिक तथा साझेदारी अवधारण अनुसार परियोजना निर्माण तथा सञ्चालन गरिने छ ।
- कृषि तथा  लिङ्करोडका सञ्जालद्वार सबै वडाका मुख्य वस्तीहरूलाई जोडिनेछ र सडकलाई क्रमशः स्तरोन्नति गर्दै लगिने छ ।
- यातायात सेवालाई व्यवस्थित र भरपर्दो बनाउन नियमित अनुगमन गरिने छ ।
- मध्यपहाडी लोकमार्गलाई सङ्घ तथा प्रदेश समेतको सहयोगमा स्तरोन्नति गरिने छ ।

## ९. भू उपयोग तथा भूमि व्यवस्थापन

- गाउँपालिकाको भू उपयोग नीति लागु गरिनेछ ।
- राष्ट्रिय भु उपयोग तथा भूमि नीतिको अधिनमा रहेर उपलब्ध भूमिको सदुपयोग गर्दै एकिकृत बस्ती, खेल परिसर, आवास, सहरीकरण, पूर्वाधार विकास गरिने छ ।
- बसोबासका दृष्टिकोणले गाउँपालिका भित्रका सुरक्षित र जोखिम युक्त ठाउँहरूको नक्साङ्कन गरिने छ ।
- जमिनको लागत विद्युतीय प्रणालीमा राखेर भूमि व्यवस्थापनलाई पारदर्शी बनाइने छ ।

## १०. समावेशीकरण तथा समावेशी विकास

- जातीयता, लिङ्ग, उमेर, रोग तथा अपाङ्गता भएका वर्गहरूलाई समान अवसर र समान अधिकारसहित विकासको मुलधारमा समेटिने छ ।
- अपाङ्गता समावेशी विकासको अवधारणा अनुरूप कार्ययोजना निर्माण र सञ्चालन गरिनेछ ।
- गाउँपालिकाको स्रोत व्यवस्थापनमा समतामूलक विधि अपनाइने छ ।
- अधिकारमा आधारित अवधारणा अनुरूप कार्ययोजना निर्माण तथा कार्यान्वयन गराइने छ ।

## १०.५ मध्यमकालिन नतिजा खाका

प्रस्तुत मध्यमकालीन समष्टिगत नतिजा खाका नेपाल सरकारको पन्ध्रौ योजना (२०७६/७७ -२०८०/८१) र प्रदेश नं. १ सरकारको प्रथम आवधिक योजना (२०७६/७७ -२०८०/८१) ले लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी निर्धारण गरिएको छ ।

## क . परिमाणात्मक लक्ष

याङवरक गाउँपालिकाको आवधिक योजनाको ५ वर्ष अवधिमा हासिल गरिने परिणात्मक तक्ष्य निम्म रहेको छन् ।

| क. स. | सूचक | आधार वर्षको अवस्था | लक्ष्य |
|---|---|---|---|
| १ | मानव विकास सूचकाङक (Human Development index-HDI | ०.३९६ | ०.७८५ |
| २ | मानव संसाधन सूचकाँक - Humn Asset Index- HAl | ४२.२ | ७० |
| ३ | सामाजिक सूचकाँक - Sociaal Development Index - SDI | २५.७ | ६० |
| ४ | प्रतिवेदन १.२५ अमेरिकी डलर (ppp value(मुनी आम्दानी रहेको जनसंख्या -प्रतिशत ) | २६.२ | १३.७ |
| ५ | प्रतियक्ति कुल वार्षिक आय अमेरिकी डलर) | ४४१ | १६६७ |
| ६ | कुल बजेटमा सामाजिक सुरक्षा खर्च ( प्रतिशतमा ) | २.२ | १२.९ |
| ७ | ३० मिनेटको पैदलयात्रामा बजारको केन्द्रसम्म पहुँज भएका परिवारहरु - कुल जनसंख्याको (प्रतिशत ) | २०.९ | ६६ |
| ८ | खाना नपुग्ने वा अपर्यात्त हुने परिवारहरु (प्रतिशत ) | ७६ | १८.५५ |
| ९ | प्रतिव्यक्ति खाद्यान्न उत्पादन (के.जी. ) | १८८ | ४१८ |
| १० | जमिनको उत्पादकत्व (मेट्रिक टन प्रति हेक्टर ) | ०.१७ | ४.८ |
| ११ | धेरै उब्जनी हुने बीज (के.जी. हेक्टर ) कमै | ०.०२ | ३.९ |
| १२ | कुल खेतीयोग्य भूमीमध्ये बर्षेभरि सिचाई सुविधा पुगेको भूमि (प्रतिशत) | ३२ | ५० |
| १३ | धानको उत्पादनशीलता (मेट्रिक टन प्रति हेक्टर ) | २.७ | ७.७ |
| १४ | मातृमृत्यूदर प्रति १००,००० जिवित शिशु | २८३.३ | ११६ |
| १५ | संस्थागत सुत्केरी सेवा ( प्रतिशत) | ५७.३ | ८० |
| १६ | शौचालय प्रयोग गर्ने जनसंख्याको अनुपात ( प्रतिशत) | ९५.९ | ९९ |
| १७ | खाना पकाउनका निम्ति ऊर्जाको प्राथमिक स्रोतको रुपमा कोइला , दाउरा, गुँइठा लगायतका ठोस इन्धन प्रयोग गर्ने परिवार ( प्रतिशत) | ८१.७ | ५५ |
| १८ | विद्युत उपभोगमा पहुँच भएका घरपरिवारको ( प्रतिशत) | ५९.५ | ८६.५ |
| १९ | प्रतिव्यक्ति कुल ग्रार्हस्थ्य उत्पादन वृद्धि (प्रतिशत) | ०.२ | ४.५ |
| २० | कृषि क्षेत्रको वृद्धिदर | १ | ४ |
| २१ | प्रतिवर्ष नवीन कार्यमा सम्लग्न व्यक्तिको संख्या | ० | ३० |
| २२ | युवा अर्धवेरोजगारी दर (प्रतिशत) | ३८.५ | २३.८ |
| २३ | खर/पराल/पातले छाएको छानामुनि बस्ने परिवार एकाई (प्रतिशत | २२.५ | १२.५ |
| २४ | बहुआयामिक गरिबीको प्रतिशत | ३६.६ | २७.६ |
| २५ | सुरक्षित सडक उपलब्ध प्रतिशत | ९.४ | २५.१ |
| २६ | कृषि विमाले समेटेको परिवार (कृषक परिवार मध्येमो प्रतिशत ) | ० | १२.८ |
| २७ | क्षयरोग लाग्ने दर( प्रति १ लाख जनसंख्यामा ) | ५४ | १० |
| २८ | कुष्ठरोगका बिरामीहरु | ० | ० |

| क. स. | सूचक | आधार वर्षको अवस्था | लक्ष्य |
|---|---|---|---|
| २९ | जम्मा मृत्युहुनेहरु मध्ये नसर्ने रोगबाट मृत्यु हुने जनसंख्याको प्रतिशत | १५.४ | ५ |
| ३० | प्राथमिक तहमा खुद भर्नादर | ९२ | ९९ |
| ३१ | प्राथमिक तह पुरा गर्ने दर | ७६ | ९३.२ |
| ३२ | १५ देखि २४ वर्ष उमेर समुहको साक्षरता दर | ९९ | १०० |

श्रोतः- याङवारक गाउँपालिकाको मध्यमकालिन खर्च संरचना , २०७९/०८०-२०८१/०८२

## ख. प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य

| क्र. सं. | सूचक | एकाई | गतः आ.व. २०७७/०७८ को उपलब्धी | चालु आ.व. २०७८।०७९ को अनुमानित उपलब्धी | मध्यमकालिनलक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/ ०८० | २०८०/ ०८१ | २०८१/ ०८२ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| १ | साक्षरतादर ( १५ वर्ष माथि ) | प्रतिशत | | ८२ | ८४ | ८६ | ८८ |
| २ | प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थी | जना | | ३१ | ५० | ६० | ७० |
| ३ | स्थानीय सडक ( खण्डास्मित ) | कि.मि | | २७ | ३० | ३५ | ४० |
| ४ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | | ७० | ८० | ९० | १०० |
| ५ | सुरक्षित आवासमा बसोबास  गर्ने घरधुरी | प्रतिशत | | ७५ | ८० | ९० | १०० |
| ६ | आधारभूत खानेपानी सुविधा पुगेको घरधुरी | प्रतिशत | | ७५ | ८० | ९० | १०० |
| ७ | ५ वर्षे मुनीका बालबालिकाको जन्मदर्ता | प्रतिशत | | ९५ | १०० | १०० | १०० |
| ८ | विपद् घटनाबाट प्रभावित परिवार | घरधुरी | | १० | ८ | ५ | २ |
| ९ | मातृभाषामा पठन पाठन हुने विद्यालय | वटा | | १२ | १५ | १८ | २० |
| १० | लैंगिक तथा घरेलु हिंसाको घटनाको उजुरी | वटा | | | ० | ० | ० |
| ११ | सेवा प्रवाहबाट सन्तुष्ट नागरिक | प्रतिशत | | ७० | ८० | ९० | १०० |
| १२ | सिँचाई सुविधाको पहुँच | हेक्टर | | ५९ | २२४ | ४०० | ५०० |
| १३ | बालबालिकाहरुलाई खोप पहुँच | प्रतिशत | | ८८ | ९४ | ९८ | १०० |
| १४ | अस्पताल निर्माण | वटा | ० | ० | १ | १ | |
| १५ | ल्याण्डफिल्ड साईटको निर्माण | वटा | ० | ० | १ | १ | १ |
| १६ | बर्थिङ सेनटरमा सुत्केरी महिला | जना | | १२२ | २८७ | ३०० | ३३० |
| १७ | बेरुजु | प्रतिशत | | ०.०१५ | ० | ० | ० |

श्रोतः- याङवारक गाउँपालिकाको मध्यमकालिन खर्च संरचना , २०७९/०८०-२०८१/०८२

## ११. गतवर्षको मुख्य मुख्य उपलब्धिहरू :

१. प्रजनन केन्द्रबाट प्रसुति गर्ने महिलाहरुको संख्या १२२ पुऱ्याएको ।

२. पूर्ण खोप सुश्चित कार्यक्रम सञ्चालन गरी २५२ जना बालवालिकालाई पूर्ण खोप दिइएको ।

३. कोरोना रोकथामको लागि वडास्तरीय निगरानी समुह गठन तथा परिचालन गरिएको ।

४. ओयम स्वास्थ्य चौकी भवन निर्माण, वेतेनीमा बर्थिङ्ग सेन्टर स्थापना गरिएको ।

५. सुव्वाटारमा पन्ध्र सैयाको अस्पताल भवन निर्माण थालनी भएको ।

६. थर्पू र च्याङथापु स्वास्थ्य चौकीमा प्रयोगशाला सेवा सञ्चालन गरिएको ।

७. जटिलताको कारणले बर्थिङ्ग सेन्टरबाट प्रेसित गरिएका २८ जनालाई एम्बुलेन्सखर्च उपलव्ध गराइएको ।

८. चन्द्रोदय आविमा चारकोठे र सिरीसे माविमा दुई कोठे भवन निर्माण भएको ।

९. थर्पू माविलाई नमूना विद्यालय स्थापनाको लागि कार्य प्रारम्भ भई ICT ल्याव, प्राविधिक धारको लागि भवन निर्माण थालनी गरिएको ।

१०. विद्यालय जान टाढा दुरी पर्ने एवम् असहाय वालवालिकाका लागि विष्णु माविमा आवसिय विद्यालय सञ्चालन गरी २५ जना विद्यार्थीलाई व्यवस्थापन गरिएको ।

११. आनिपान कक्ष नियमित रुपमा सञ्चालनको लागि प्रोत्सहान कार्यक्रम सञ्चालन गरिएको ।

१२. चिण्डे असिने, केरावारी लुम्बु ठोट्ने, सिम्ले निगाले याङसिबुङ कामिटार इम्बुङ वृहत खानेपानी आयेजना सञ्चालन गरी ३५२ घरधुरीलाई खानेपानी सेवा व्यवस्थापन गरिएको ।

१३. अपाङ्गता भएका २५ जनालाई स्थलगत रुपमा परिचपत्र वितरण गरिएको ।

१४. बीस जना महिलालाई ढाका कपडा बुनाई तालिम सञ्चालन गरी सीपको विकास गरिएको छ ।

१५. ओयाममा खोर्सानी र अलैची एवम् नागीमा तरकारी पकेट क्षेत्र सञ्चालन गरी १०० टन अकवरे र ५०० टन टमाटर निर्यात गरिएको छ ।

१६. विभिन्न कृषक समुहलाई १७ थान हाते ट्र्याक्टर वितरण गरिएको छ ।

१७. बाख्रा पकेट क्षेत्र निर्धारण गरी ५८ जना पशुपालकलाई व्यवसायिक लाभ प्राप्त भएको छ ।

१८. प्रधानमन्त्री रोजगार कार्यक्रमबाट ११०१ जनलाई सूचिकृत गरी २२० जनलाई १७९६३ दिन रोजगारी उपलव्ध गराइएको छ ।

१९. उन्नत जातको विउ विजन तथा रासायनिक र जैविक विषाद्को निशुल्क सेवा १३०० कृषकले प्राप्त गरेका छन् ।

२०. मल्टि प्रपोज कभर्ड हल निर्माण प्रकृयाको थालनी भएको छ ।

२१. गाउँपालिकाको प्रशासनिक भवन निर्माण थालनी भएको छ भने वडा नम्बर २ को वडा कार्यालय भवन निर्माण भएको छ ।

२२. नयाँ सडक ट्र्याक ५.२ कि.मी. खोलिएको छ भने २७.२ कि.मी. सडक स्तरोन्नति भएकोछ ।

२३. निशान कालिकाधाम तथा याङवरक पोखरी पर्यटन पूर्वाधारको थालनी गरिएको छ ।

२४. आब २०७७।७८ को अन्तिम लेखा परीक्षणबाट शुन्य बेरुजु बनाइएको छ ।

२५. आन्तरिक आय संकलनमा २६.५३ प्रतिसतले बृद्धि गरी कुल ५० लाख ९३ हजार १०५ रुपैया राजश्व संकलन गरिएको छ ।

२६. न्यायिक समितिबाट ९ वटा विवादहरु व्यवस्थापन गरिएको छ ।

## १२. यस वर्षको मुख्य मुख्य उपलब्धिहरु :

### क. स्वास्थ्यतर्फ

१. स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिक, खोपकेन्द्र समेत गरी जम्मा ५५ वटा सेवा केन्द्र सञ्चालन गरी नियमित स्वास्थ्य सेवाहरु प्रवाह गरिएको छ। यसको लागि ३२ जना स्वास्थ्यकर्मी र ४५ जना महिला स्वास्थ्य स्वयम् सेवीकाहरुलाई नियमित रुपमा परिचालन गरिएको छ।
२. पन्ध्र महिना मुनिका ९० प्रतिसत बालवालिकाहरुलाई पूर्ण खोपको सेवा प्रदान गरिएको छ।
३. भिटामिन ए १२०० र जुकाको औषधि १०७० जनालाई खुवाइएको छ।
४. पाँच वटा बर्थिङ्ग सेन्टरहरुबाट सेवा चौविसै घण्टा प्रवाह गरी ११२ जनालाई संस्थागत प्रसुति सेवा उपलव्ध गराइएको छ।
५. जटिल प्रकारका बर्थिङ्ग सेन्टरबाट रेफर गरिएका ४३ जना गर्भवती महिलाको लागि निशुल्क एम्बुलेन्स सेवा उपलव्ध गराइएको,
६. आँखा परीक्षण एवम् आँखा अपरेसन शिविर लगायत नियमित आँखा उपचार सेवाबाट ११६८ र प्रजनन रुघणता स्वास्थ्य सेवा स्किनिङ्ग तथा चिकित्सक सेवा सहितको घुम्ती सिविरबाट १७३ जना पाठेघरका विरामीहरु लाई विशेष स्वास्थ्य सेवा उपलव्ध गराइएको छ
७. सुत्केरी प्रोत्सहान तथा गर्भवती महिलालाई स्वास्थ्य परीक्षण प्रोत्सहान कार्यक्रम समेत गरी २२० जनालाई सेवा प्रदान गरिएको छ।
८. सवै स्वास्थ्य केन्द्रहरुबाट ९८ प्रकारका औषधिहरु २४ सै घण्टा उपलव्ध गराइएको छ।
९. स्वास्थ्य सेवाको लागि स्थापना भएका विभिन्न ८ वटा सेवा केन्द्रहरुबाट जम्मा ३५८९ परिवारलाई स्वास्थ्य सेवा प्रवाह गरिएको छ।
१०. स्वास्थ्य चौकी ओयाम र वेतेनीमा स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न भएको छ।

### ख. शिक्षातर्फ

१. सरकारी क्याम्पस १, गुरुकुल १, सामुदायिक विद्यालय ३७, सँस्थागत विद्यालय ६ र वालविकास केन्द्र ४१ गरी जम्मा ८६ वटा शैक्षिक केन्द्रहरुबाट नियमित रुपमा पठनपाठन सेवा सञ्चालन गरिएको छ।
२. च्याङ्गथापुमा रहेको आवसीय विद्यालयमा दुर्गम क्षेत्रमा रहेका एवम् असहाय बालवालिकाका लागि २२ जना बालवालिकालाई आवसीय अध्ययनको व्यवस्थापन गरिएको छ।
३. आधारभुत तह कक्षा (१-५) सम्मका २१६१ बालवालिकाहरुलाई दिवा खाजा उपलव्ध गराइएको छ।
४. कक्षा १ देखि ८ सम्मका सवै प्रकारका छात्रा र दलित विद्यार्थीहरु ११८३ जनालाई छात्रवृति उपलव्ध गराइएको छ। साथै १० जना बालवालिकालाई अपाङ्गता छात्रवृत्ति वितरण गरिएको छ।
५. स्थानीय पाठ्यक्रम "**हाम्रो याङवरक**" निर्माण गरी शैक्षिक सत्र २०८० देखि थालनी भएको छ।
६. कक्षा १ देखि १२ सम्मका ३९१८ जना विद्यार्थीहरुलाई निशुल्क पाठ्यपुस्तक उपलव्ध गराइएको छ।
७. तीस वटा विद्यालयमा इन्टरनेट सेवा व्यवस्थापन गरिएको छ।
८. शैक्षिक क्यालेण्डर निर्माण एवम् कार्यान्वयनमा ल्याइएको छ।

९. EMIS तथा पाठ्क्रम प्रवोधिकरण कार्यक्रम सञ्चालन गरि ७४ जनालाई तालिम प्रदान गरिएको छ।
१०. गुप्तेश्र माविमा चार कोठे भवन एक वटा र भानु माविमा दुई कोठे भवन एक वटा विद्यालय भवन निर्माण गरी कक्षा कोठा व्यवस्थापनमा थप सुधार गरिएको छ।
११. एक विद्यालयहरुमा शौचालय निर्माण गरिएको छ।

## ग. खानेपानी तथा सरसफाई

१. असिने बर्खे पर्धैरेमुल छ्याछयारे र ओयाम बृहत खानेपानी योजना र अन्य विभिन्न साना खानेपानी योजना सञ्चालन गरी जम्मा १७५ घरधुरीमा खानेपानी व्यवस्थापन गरिएको छ।
२. फोहोरमैला व्यवस्थापन नीति तर्जूमा गरिएको छ।
३. गुप्तेश्वर महादेवमा शौचालय निर्माण कार्य सम्पन्न भएको छ।

## घ. बालबालिका, महिला र समावेसी :

१. बालमैत्री स्थानीय तह घोषणका लागि बाल पाश्वचित्र निर्माण गरिएको छ।
२. दस वटा सामुदायिक वाल विकास केन्द्रमा पोषण शन्देस प्रवाह हुने खेल सामाग्री वितरण गरिएको छ।
३. बाल बिबाह अन्त्यका लागि किशोरी सशक्तिकरण कार्यक्रमको लागि छनौट गरिएको श्री गणेश मा.वि. मा किशोरी सशक्तिकरण कार्यक्रम सम्पन्न गरिएको छ।
४. महिला समुहका २५ जना एकल महिलाहरु १० जनालाई बाखा र १५ जनालाई बंगुर वंगुर वितरण गरिएको छ ।
५. २५ जना विपन्न तथा सुनौलो हजार दिने महिलाहरुलाई बाखा पालनका लागि ५० वटा बाखा वितरण गरिएको छ।
६. सुनौलो हजार दिनका ४० जना आमाहरुलाई एक करेसाबारी निर्माण तालिम साथै बिउ बिजन वितरण भएको छ।
७. पोषण सुधारका लागी विपन्न समुहका हजार दिनका २५ जना महिलाहरुलाई आय आर्जनका लागी तालीम साथै अनुदान भएको छ।
८. ओयाममा ओ.टि.सी सेन्टर स्थापना भएको छ।
९. याङवरक गा. पा. भित्र रहेका २५ वटा विद्यालयका १२७० किशोरी छात्रा हरुलाई आईरन फोलिक एसिड वितरण भएको छ।
१०. लैंगिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिएको छ।
११. अपाङ्गता सहायता कक्षा स्थापना गरी हाल सञ्चालनमा रहेको छ।
१२. अपाङगता भएका व्यक्तिहरुको तथ्याङक संकलन गरिएको छ।
१३. २५ जना अपाङ्गता भएका व्यक्तिहरुलाई परिचयपत्र वितरण गरिएको छ।
१४. १० जना अपाङगता भएका व्यक्ति तथा परिवारका सदस्यहरुलाइ एक महिने मोबाइल मर्मत सम्बन्धी सिपमुलक तालिम प्रदान गरिएको छ।
१५. ३४ जना अपांगता भएका व्यक्ति लाइ सहायक सामाग्री वितरण गरिएको छ।

१६. ११ जना अपाङगता भएका व्यक्तिलाइ स्वास्थ्य उपचारमा सहयोग गरिएको छ ।
१७. याङवरक गाउँपालिका भित्रका ६० वर्ष माथिका १२ जना जेष्ठ नागरिकहरुलाई जेष्ठ नागरिक परिचय पत्र प्रदान गरिएको छ ।
१८. लैंगिक हिंसा निवारण कोष स्थापना गरिएको छ ।
१९. अपाङ्गता भएका व्यक्ति र बालवालिकाहरुको तथ्याङ्क संकलन तथा अध्यावधिक गरिएकोछ ।
२०. लघु उधमिहरुलाई लघु वित्तमा पहुँच तथा बजारीकरण सम्बन्धी प्रशिक्षण तथा लघु उद्यमबाट उत्पादित महिला उधमीहरुको उधम व्यवसायको अनुगमन गरिएकोछ ।
२१. हिंसा पिडित महिलाको लागि दुई स्थानमा आश्रय सेवा केन्द्र सञ्चालन गरिएकोछ ।

**ङ. जनचेतना र गरिवी न्यूनिकरण :**

१. सहकारी संस्थालाई वित्तिय साक्षरता तथा सहकारी शिक्षा सम्वन्धि १ दिने कार्यक्रम सम्पन्न गरि १३५ जना सदस्यलाई तालिम प्रदान गरिएको छ ।
२. सहकारी प्रोफाइल तयार गरी १२५ थान छपाई गरी वितरण गरिएको छ ।
३. १९ वटा सहकारी संस्थाहरुलाई COPOMIS सम्बन्धि ३ दिने तालिम संचालन गरिएको छ ।
४. १५ वटा सहकारी संस्थाको १५ जना संचालक समितिहरुलाई २ दिने तालिम प्रदान गरी क्षमतामा विकास गरिएको छ ।
५. २९ जना मेलमिलापकर्ताहरुलाई ४८ घण्टे ८ दिवसीय तालिम प्रदान गरीएको छ ।
६. बहु क्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत पोषण सुरक्षामा टेवा पुर्याउने उद्देश्यले ३६ जना सुनौलो हजार दिनका आमाहरुलाई करेशाबारी निर्माण सम्बन्धि तालिम र बिउ-बिजन वितरण गरिएको छ ।
७. अनुदानमा १५०० कृषकहरुलाई बिभिन्न जातको तरकारीको बिउ-बिजन वितरण गरिएकोछ ।
८. गाउँपालिका स्तरिय नर्सरीबाट उत्पादित फलफुल, घाँस तथा कफिको बिरुवा ५०० कृषक घर परिवारलाई वितरण गरिएको छ ।
९. "प्याज उत्पादनमा युवा लक्षित कार्यक्रम" अन्तर्गत १४ जना लाभग्राहीहरुलाई प्याज उत्पादनमा अनुदान प्रदान गरी ४२ रोपनी क्षेत्रफलमा प्याज खेति विस्तार गरिएको छ ।
१०. अलैंची वगान व्यवस्थापनको लागि १९,१७५ मिटर प्लाष्टिक पाईप तथा १३,५०० अलैंचीको वेर्ना वितरण गरिएको छ । ४९२ वटा ड्रागन फल र ८०० वटा कागतीको विरुवा रोपण गरिएको छ ।
११. आलु बालीमा २ वटा र अलैचीमा एक वटा पकेट विकास कार्यक्रम संचालन गरेको थियो ।
१२. अनुदानमा कृषकहरुलाई ६ थान मिनि मिल वितरण गरिएको छ ।
१३. २३२ वटा पशुमा स्थलगत रुपमा पुगी समस्यागत रुपमा उपचार सेवा प्रदान गरिएको छ ।
१४. यस अवधिमा ८८१ वटा गाइ तथा भैसीमा कृत्रिम गर्भाधान सेवा पुर्याइएको छ ।
१५. २४२५ वटा पशुमा लम्पी स्किन रोग विरुद्ध भ्याक्सिनेशन कार्य गरिएको छ । जसमा २१५० गाउँपालिकाको आकस्मिक कोषवाट र २७५ वटा भेटेरीनरी पशुसेवा विज्ञ केन्द्रवाट प्राप्त भएकोछ ।
१६. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सिलाइ कटाइ ४४ जना, हाउस वाइरिङ १२ जना, फर्निचर १३ जना गरी जम्मा ६९ जना सहभागिहरुलाई व्यवसायिक सीप विकास तालिम दिइएको छ ।

१७. सीप विकास तालिम (सिलाइ कटाइ तालिम) लिइसकेका ३२ जना सहभागिहरुलाई सिलाइ कटाइ मेसिन वितरण गरिएको छ ।

१८. उद्यमीको स्तरोन्नति तर्फ १५ जना सहभागिहरुलाई कृषि तथा पशुपालन तालिम र १० जना सहभागिहरुलाई डल कुसन तालिम सम्पन्न भइसकेको छ ।

१९. कृषि तथा पशुपालन तालिम लिने १५ जना सहभागिहरुलाई प्लाष्टिक टनेल वितरण गरिएको छ ।

२०. प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचकृत भएका १५३४ बेरोजगार मध्ये १४३ जनालाई १३५२३ दिनको रोजगारी दिइएको छ ।

२१. दुग्धजन्य पदार्थको उत्पादको लागी आवश्यक पर्ने समाग्री तथा भण्डारण निर्माणमा सहयोग गरीएको छ ।

२२. १२ जना युवाहरुलाई ४० दिने पक्कीघर बनाउने दक्ष मिस्त्री तालिम प्रदान गरिएको छ ।

२३. यस याङवरक गाउँपालिकाको पहिचान निशान कालीकाधाम तथा याङवरक पोखरी पर्यटन पूर्वाधार निर्माण कार्य भईरहेको छ ।

**च. सेवामा पहुँच :**

१. पालिकाका सवै वडा कार्यालयहरु, सेवा केन्द्रहरु, शिक्षण संस्थाहरु लगायतका सँघसंस्थाहरुबाट नियमित सेवा प्रभावकारी रुपमा प्रवाह हुँदै गरेको छ ।

२. गाउँपालिकाको केन्द्रबाट वा राजमार्गबाट वडा केन्द्र सम्म जोडने ग्राभेल तथा स्तरोन्नति गरी सेवा लिनको लागि सहजता प्रदान गरिएको

३. त्यसै गरी सवै वडाहरुमा स्वास्थ्य सेवा विस्तारका लागि सेवा केन्द्रहरु नियमित रुपमा सञ्चालनमा रहेको ।

४. बैक तथा वित्तिय संस्थाहरुबाट सेवा व्यवस्थापन भएको ।

५. सामाजिक सुरक्षा भत्तालाई बैकिङ्ग प्रणालीवाट व्यस्थापन गरिएको छ भने राजश्व भुक्तानीलाई अनलाईन प्रणालीबाट गरिएको छ ।

६. नागरिकको गुनासो सुनुवाईका लागि मावाईल एप्स सेवा सञ्चालन गरिएको छ ।

७. न्यायकि समितिमा आर्थिक बर्ष भरीमा जम्मा ७ वटा मुद्धाहरु दर्ता भएकोमा २ वटा मुद्धाहरु फर्च्यौट गरिएको ।

८. १५ शैया आधारभूत अस्पताल निर्माण भएको छ ।

९. थर्पु मा.वि. को एकाडेमिक भवन निर्माण योजना निर्माण भएको छ ।

१०. ३२.९२ कि.मि. सडक स्तरउन्नती तथा २.८ किलो मिटर नयाँ सडक ट्र्याक निर्माणको कार्य भएको छ ।

११. ७ वटा सिचाई योजना सम्पन भई ३७५ घरधुरीको ३३३० रोपनी जमिनको लागी सिचाई सेवा उपलब्ध भएको छ ।

१२. समुदायीक भवनको हल निर्माण भएको छ ।

१३. मल्टिप्रपोज कभर्डहल निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

१४. न्यायीक समितिमा ५ वटा विवाद दर्ता भएकोमा २ वटा मेलमिलापको माध्यमबाट निरुपण भएको छ ।

१५. भुमिहिन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवासीहरु १५५४ जनाको लगत प्रविष्ट्रि गर्ने कार्य सम्पन्न भएको छ ।

**छ. वातावरण तथा विपद व्यवस्थापन :**

१. फोहोरमैला व्यवस्थापन निति निर्माण गरिएको छ । जस्मा १० वटा विषयक्षेत्र भित्र ६२ वटा नीति रहेका छन्

२. पालिका कार्यपालिकाको कार्यालय परिसर, वडा कार्यालय तथा सेवा केन्द्रहरुको कार्यालय परिसरलाई फुलवारी बगैंचा निर्माणगरी वातावरणमैत्री कार्यालय व्यवस्थापन थालनी गरिएको।

३. आकस्मिक कोषको स्थापना गरी ३६ जनालाई राहत प्रदान गरेको छ ।

४. भारी वर्षातको कारण पूर्ण क्षति वा विस्थापित एवम् जोखिममा परेका ८७ घरपरिवारलाई विभिन्न प्रकारका राहत उपलव्ध गराइएको छ ।

५. आगलागी तथा मनसुनजन्य विपद्को १४ घरको सफ्टवेयर मार्फत तथ्याङ्क संकलन गरिएको छ ।

६. बैकल्पीक उर्जाको स्रोतको रुपमा दुई वटा सोलार सेट जडान गरिएको छ ।

७. थर्पु बजारमा ४ वटा फायर हाइड्रेन्ट जडान गरिएको छ ।

**ज. संस्थागत क्षमता विकास :**

१. गाउँ सभा र कार्यपालिका बैठकहरु सम्पन्न भएका छन् ।

२. प्रशासन, लेखा, राजश्व संकलन, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा अभिलेख, दर्ता चलानी, जिन्सी, योजना, हाजिरी व्यववस्थापन लगायतका सेवाहरुमा अनलाईन प्रणाली लागु गरिएको छ ।

३. गाउँ तथा हरेक वडाहरुमा नागरिक वडापत्र राखिएको छ ।

४. आवधिक समीक्षा र सार्वजनिक सुनुवाई कार्यक्रम, बार्षिक तथा समीक्षा प्रतिवेदन पुस्तिका प्रकासन तथा राजपत्र प्रकासन तथा वेवसाईड अद्यावधिक गर्ने कार्य नियमित रुपमा भएका छन् ।

५. श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, राजश्व परामर्श समिति, बजेट तथा कार्यक्रम तर्जूमा समिति, अनुगमन समिति, वडास्तरीय योजना अनुगमन समिति, लेखा समिति, विद्यायन समिति, सुशासन समिति लगायतका विभिन्न समितिहरुको समय समयमा बैठक बसी आवश्यक निर्णयहरु गरिएका छन् ।

६. आन्तरिक आयमा गत बर्षको तुलनामा ८४.७० प्रतिसतले बृद्धि भएको छ ।

७. भूउपयोग योजना निर्माण भई कार्यान्यनमा आएको छ ।

८. पालिका स्तरिय राष्ट्रिय कृषक समूह महासंघ गठन गरिएको छ ।

९. कर्मचारीहरुको व्यक्तिगत अभिलेख विदा, काज तथा कार्यव्यवस्थापनलाई चुस्त दुरुस्त बनाउन कर्मचारी व्यवस्थापन सूचना प्रणाली (PMIS) को प्रयोग गरिएको छ ।

१०. टिप्पणी रजिष्टर अध्यावधिक गर्ने कार्य सुरुवात गरिएको छ ।

११. जन्म दर्ता ५९१, मृत्यु दर्ता १८१, विवाह दर्ता २२८ सम्बन्ध विच्छेद १६ बसाई सराई आएको १७ र गएको १५५ गरी जम्मा ११८८ वटा व्यक्तिगत घटनाहरु दर्ता भएको छ ।

१२. सामाजिक सुरक्षा भत्ता सिधै लाभग्राहीको खातामा जग्मा हुने गरी EFT मार्फत १५६८ जनालाई इ.एफ.टि. मार्फत लाभग्राहीको बैक खातामा जम्मा गरिएको छ ।

१३. बिषयगत नीति १ वटा, ऐन ७ वटा, निर्देशिका २ वटा र कार्यविधि ११ वटा निर्माण गरी लागु गरिएको छ ।

१४. याङवरक गाउँपालिका सञ्चालनसम्बन्धि रुटिन सहितको टेवल क्यालेण्डर प्रकाशन गरिएको छ ।

१५. गाउँपालिकाबाट सम्पादन भएका कृयाकलापहरुलाई त्रैमासिक रुपमा स्वतः प्रकाशन गरिएकोछ ।

१६. यस गाउँपालिकाको भू- उपयोग योजना निर्माण कार्य सम्पन्न भएको छ ।

१७. आ.व. २०७८/०७९ को कुल १ अर्व १३ करोड ८२ लाख ७१ हजार रुपैयाको अन्तिम लेखापरिक्षण भएकोमा रु १८ हजार बेरुजु कायम भई नेपालको कम बेरुजु हुने पालिका मध्ये यस याङवरक गाउँपालिका दोस्रो हुन सफल भएको र गाउँपालिकाको स्थापना भएपछी हाल सम्मको कुल बेरुजु रु. ७३ लाख ७५ हजार ६ सय ८६ रुपैया मात्र कायम राख्न सफल भइएको छ ।

## झ. समन्वय र सहकार्य

१. सरकारी तथा गैर सरकारी कार्यालय एवम् संघसंस्थाहरु, विद्यालय तथा टोल विकास संस्था, सामुदायिक वन, विकास साझेदार संस्थाहरु, उद्योग बाणिज्य संघ, सञ्चार क्षेत्र लगायतका सरोकार क्षेत्रहरुसँग समन्व्य र सहकार्य गरी नियमित सेवा तथा विकास व्यवस्थापन गरिएको छ ।

२. सामुदाय साझेदारी प्रहरी कार्यक्रम मार्फत गाउँमा सुसासन प्रबर्द्धन गरिएको छ ।

३. प्रकोप व्यवस्थापनका लागि विभिन्न व्यक्ति तथा समुदायसँगको सहकार्य भई विपद् व्यवस्थापन गरिएको छ ।

४. कुम्मायक गोल्डकप पुरुष फुटबल प्रतियोगितामा प्रथम स्थान हाँसिल गर्न सफल भएको छ ।

५. अन्तरपालिका स्तरीय पुरुष भलिबल प्रतियोगितामा याङवरक गाउँपालिकाले प्रथम स्थान हाँसिल गरेको छ ।

## १३. गत वर्षमा भोगेका समस्याहरु :

१. तहगत रुपमा रहेको कानुनी जटिलताले कार्य सम्पादनमा कठिनाई भयो ।

२. योजना तथा कार्यक्रमहरुको नियमित सुपरीवेक्षण तथा अनुगमन कार्य तालिका तयार नहुँदा योजना तथा कार्यक्रमको उपलव्धी, प्रभावकारीतालाई मापन योग्य बनाउन सकिएको छैन

३. स्वीकृत बजेट अनुसार रकम समयमै निकासा नभएकाले कार्य सम्पादनमा उच्चतम उपलव्ध हुन सकेन ।

४. स्वीकृत दरबन्दी अनुसारको जनशक्ति व्यवस्थापन नहुँदा गाउँपालिकाबाट प्रवाह हुने सेवालाई पर्याप्त रुपमा चुस्त बनाउन सकिएन ।

## १४. गाउँपालिकाको आ.व. २०७९।८० को क्षेत्रगत वजेट खर्चको संक्षिप्त विवरण, २०८०

याङवरक गाउँपालिकाको आ.व. २०७९।८० को क्षेत्रगत बजेटको संक्षिप्त विवरण देहाय बमोजिम रहेको छ ।

## १४.१ गाउँपालिकाको आ.व. २०७९।८० को बजेटको आयको संक्षिप्त विवरण :

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| **१** | **आर्थिक विकास** | **१०,५३,२८,४१३.५५** | **८,४६,७५,६५०.००** | **८०.३९** |
| १ | कृषि | ९१,८०,०००.०० | ७४,५५,२९४.०० | ८१.२ |
| २ | उद्योग | ३१,००,०००.०० | २५,५६,९८१.०० | ८२.४८ |
| ३ | पर्यटन | २,९८,५६,०००.०० | २,९४,१२,१६०.०० | ९८.५१ |
| ४ | सहकारी | २६,५०,०००.०० | १७,६१,०२५.०० | ६६.४५ |
| ५ | जलश्रोत तथा सिंचाई | ५,६७,४२,४१३.५५ | ३,९८,२१,८४९.०० | ७०.१८ |
| ६ | पशुपन्छी विकास | ३८,००,०००.०० | ३६,६८,३४१.०० | ९६.५४ |
| **२** | **सामाजिक विकास** | **२५,४४,६४,९५४.४३** | **२२,२९,०९,०७७.००** | **८७.६** |
| १ | शिक्षा | १८,६६,५३,०००.०० | १६,९५,०८,१६५.०० | ९०.८१ |
| २ | स्वास्थ्य | ४,५०,६१,५५९.४३ | ३,४०,७०,०६७.०० | ७५.६१ |
| ३ | खानेपानी तथा सरसफाई | ८९,४०,०००.०० | ८०,२०,६१८.०० | ८९.७२ |
| ४ | भाषा तथा संस्कृति | १९,७०,०००.०० | १३,४८,६६२.०० | ६८.४५ |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ५०,६९,३९५.०० | ४०,९६,५२३.०० | ८०.८१ |
| ६ | युवा तथा खेलकुद | ४४,१०,०००.०० | ४३,८७,१७५.०० | ९९.४८ |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | २३,६१,०००.०० | १४,७७,८६७.०० | ६२.५९ |
| **३** | **पूर्वाधार विकास** | **१२,४०,०५,३४६.९१** | **७,९३,०२,५२७.००** | **६३.९५** |
| १ | यातयात पूर्वाधार | १,९४,३६,८००.०० | १,५९,६३,६२८.०० | ८२.१३ |
| २ | भवन, आवास तथा सहरी विकास | १०,२०,१८,५४६.९१ | ६,११,०७,९६६.०० | ५९.९ |
| ३ | उर्जा | १६,००,०००.०० | १२,८५,४३३.०० | ८०.३४ |
| ४ | सम्पदा पूर्वाधार | ९,५०,०००.०० | ९,४५,५००.०० | ९९.५३ |
| **४** | **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र** | **३,११,१०,०००.००** | **२,३५,०८,९९१.००** | **७५.५६** |
| १ | वातावरण तथा जलवायु | ११,००,०००.०० | ८,२०,५५७.०० | ७४.५९ |
| २ | विपद व्यवस्थापन | २५,५०,०००.०० | १५,०४,७८६.०० | ५९.०१ |
| ३ | मानब संशाधन विकास | १,००,०००.०० | ९८,६००.०० | ९८.६ |
| ४ | शान्ति तथा सुव्यवस्था | ७,५०,०००.०० | ६,४३,६८०.०० | ८५.८२ |
| ५ | कानुन तथा न्याय | ५७,५०,०००.०० | २४,८३,८२७.०० | ४३.२ |
| ६ | शासन प्रणाली | २,५०,०००.०० | २,४९,३७५.०० | ९९.७५ |
| ७ | श्रम तथा रोजगारी | १,०८,००,०००.०० | ९९,७१,२१६.०० | ९२.३३ |
| ८ | योजना तर्जुमा र कार्यन्वयन | १९,५०,०००.०० | १५,००,८०७.०० | ७६.९५ |
| ९ | प्रशासकीय सुशासन | ६५,६०,०००.०० | ५१,७७,३४३.०० | ७८.९२ |
| १० | वित्तीय सुशासन | १३,००,०००.०० | १०,५८,८००.०० | ८१.४५ |
| **५** | **कार्यालय सञ्चालन तथा प्रशासनिक** | **८,१६,२४,१३१.००** | **५,८१,२८,२५८.००** | **७१.२** |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८,१६,२४,१३१.०० | ५,८१,२८,२५८.०० | ७१.२ |
| **कुल जम्मा** | | **५९,६५,३२,८४५.८९** | **४६,८५,२४,५०३.००** | **७८.५४** |

**१५. सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा :**

सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखाका आधारहरु जनप्रतिनिधिहरु विषयगत शाखाहरु, वडा कार्यालयहरु, सम्बद्ध कर्मचारीहरु, विभिन्न सरोकारवाला संघसंस्थाहरु एवम् सरोकारवालाहरुसँगको अन्तरक्रिया, वार्षिक प्रगति समिक्षा र विभिन्न प्रकारका प्रतिवेदनहरु र कार्यालयबाट प्राप्त् सूचना तथा अभिलेखहरुको विश्लेषणबाट सूचकगत विश्लेषण सहितको कार्य सम्पादन लेखाजोखा प्रतिवेदन तयार गरिएको छ ।

| सूचक नम्बर | सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | २०८० असार मसान्त सम्मको प्रयास | उपलव्धी |
|---|---|---|---|---|
| **१** | **स्वास्थ्य** | | | |
| १.१ | स्वास्थ्य चौकी एक घण्टाभित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या वा प्रतिसत | ७५ प्रतिसत | स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिक, खोपकेन्द्र समेत गरी जम्मा ५५ वटा सेवा केन्द्र सञ्चालन गरी नियमित स्वास्थ्य सेवाहरु प्रवाह गरिएको छ । यसको लागि ३२ जना स्वास्थ्यकर्मी र ४५ जना महिला स्वास्थ्य स्वयम् सेवीकाहरुलाई नियमित रुपमा परिचालन गरिएको छ । | ८९ प्रतिसत |
| १.२ | ५ वर्ष मुनिका बालबालिको प्रतिशत | १०.१२ प्रतिसत | पाँच वटा स्वास्थ्य चौकीबाट चौविसै घण्टा प्रसुति गृह सञ्चालन गरिएको छ । महिला स्वास्थ्यस्वमसेवीकाहरु मार्फत बालबालिकाहरुको स्वास्थ सुधारका लागि पोषणयूक्त खानेकुरा खुवाउने, नियमित सरसफाई गरी हेरचाह गर्न विभिन्न प्रकारका समय समयमा सचेतनामुलक कार्यक्रमहरु संचालन गरिएको छ । | ९ प्रतिशत |
| १.३ | खोपमा पहुँच भएको जनसंख्या | २८० | स्वास्थ्य चौकी लगायतका स्वास्थ्य सेवा केन्द्रहरु, गाउँघर क्लिनिक, | २६९ जना |

| | | | | |
|---|---|---|---|---|
| | (एक वर्षमुनिका बालबालिकाको आधारमा) | जना | खोपकेन्द्र समेत गरी जम्मा ५५ वटा सेवा केन्द्र सञ्चालन गरी नियमित खोप प्रदान गरिएको छ । यसको लागि ३२ जना स्वास्थ्यकर्मीहरुलाई प्राविधिक सेवा दिन र ४५ जना महिला स्वास्थ्य स्वयम् सेवीकाहरुलाई नियमित रुपमा खोप लिनको लागि सहजीकरण गर्न वस्तीस्तरमा परिचालन गरिएको छ । त्यसै गरी गर्भवती तथा सुत्केरी आमाहरुलाई प्रसुति जाँच समय तालिका अनुसार पुरा गरेमा रु ८०० प्रोत्सहान भत्ता तथा प्रजनन केन्द्रमा प्रसुति गराए बापत सुत्केरी प्रोत्सहान तथा गर्भवती महिलालाई स्वास्थ्य परीक्षण प्रोत्सहान कार्यक्रम समेत गरी २२० जनालाई सेवा उपलव्ध गराइएको छ । | |
| १.४ | ४ पटक गर्भवति जाँच गरिएको महिलाको संख्या (प्रतिशत) | ६० प्रतिसत | स्वास्थ्य चौकीबाट फोन मार्फत डिपल्टर अनुगमन, आमा समुहमा छलफल, मस्वसेबाट जानकारी, बर्थीङ्ग सेन्टर अनसाईट कोचिङ्ग, विद्यालयमा नर्स कार्यक्रम थालनी गरिएको छ । त्यसै गरी गर्भवती तथा सुत्केरी आमाहरुलाई प्रसुति जाँच समय तालिका अनुसार पुरा गरेमा रु ८०० प्रोत्सहान भत्ता कार्यक्रम सञ्चालन गरिएको छ । | ५९ प्रतिसत |
| १.५ | दक्ष प्रसुतिकर्मीबाट प्रसूती गरिएका महिलाको संख्या | १२२ जना | दुई वटा स्वास्थ्य चौकीबाट चौविसै घण्टा प्रसुति गृह सञ्चालन गरिएकोछ। त्यसै गरी गर्भवती तथा सुत्केरी आमाहरुलाई प्रसुति जाँच समय तालिका अनुसार पुरा गरेमा | ११२ जना |

| | | | | |
|---|---|---|---|---|
| | | | रु ८०० प्रोत्सहान भत्ता कार्यक्रम तथा प्रजनन केन्द्रमा प्रसुति गराएमा थप रु ७००, एक छाक नमूना खाना तथा पोसिलो खानाको लागि एक सेट खानेकुरा समेत उपलव्ध गराउने कार्यक्रम सञ्चालन गरिएको छ | |
| १.६ | झाडापखालाबाट मृत्यू हुने बालबालिको संख्या | छैन | पानी तथा खानेकुराबाट सर्ने रोगहरुको विषयमा समुदायस्तरमा विभिन्न स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी र स्वास्थ्य स्वयम सेवीकाहरुबाट जनचेतनामुलक कार्यक्रम संचालन गरिएको । | छैन |
| १.७ | स्वास्थ्य चौकी एवम् स्वास्थ्य केन्द्रहरु, घरधुरी परिवार संख्या | ३४२७ परिवार | स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिक, खोपकेन्द्र समेत गरी जम्मा ५५ वटा सेवा केन्द्र सञ्चालन गरी नियमित स्वास्थ्य सेवाहरु प्रवाह गरिएको छ । यसको लागि ३२ जना स्वास्थ्यकर्मी नियमित रुपमा परिचालन गरिएको छ । | ३५२३ परिवार |
| **२** | **शिक्षा क्षेत्रको विकास** | | | |
| २.१ | आधा घण्टा भित्र आधारभूत तह कक्षा(१-५) मा विद्यालय नपुग्ने बालबालिकाको संख्या | विवरण कायम नभएको | वस्तीस्तरबाट नजिकैको विद्यालयसम्म जाने वटा सडकहरुलाई स्तरोन्नति गरिएको छ । त्यसै गाउँ क्षेत्रमा रहेका ३७ वटा सामुदायिक र ६ वटा संस्थागत विद्यालयहरुमा बालवालिकाहरुलाई आधारभूत तह कक्षा (१-५) को सेवा उपलव्ध गराईएको छ । साथै | २०० जना |

| | | | | |
|---|---|---|---|---|
| | | | आवासीय विद्यालय सञ्चालन गरिएको छ । जसमा २२ जना विद्यार्थीहरु रहेका छन् । | |
| २.२ | पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | ९७ | सामुदायिक विद्यालयमा ३५ वटा र संस्थागत विद्यालयमा ६ वटा पूर्व प्राथमिक कक्षा सञ्चालन भएका छन् । सामूदायिक विद्यालयमा ३५ जना सहयोगि शिक्षकबाट सहजीकरण भएको छ । | ९७.८ |
| २.३ | आधारभूत तह कक्षा(१-५)मा पहुँच नभएका सो उमेर समुहका बालवालिका संख्या वा प्रतिशत | २ प्रतिसत करिव | गाउँ क्षेत्रमा रहेका सवै ४३ वटै विद्यालयहरुबाट विद्यालय क्षेत्रमा पर्ने हरेक घरधुरीमा गई विद्यालय भर्ना अभियानका लागि भर्ना समयमा बैसाख १ गते देखि १५ गते सम्म घरदैलोमा सहजीकरण गरी प्राथामिक तहका उमेरका सवैलाई विद्यालयमा भर्ना हुन समन्वय गरी विद्यालय भर्ना कार्यक्रम सञ्चालन गरिएको छ । | १.९ प्रतिसत |
| २.४ | कक्षा १ मा खुद भर्नादर छात्र/छात्रा | ९८ प्रतिसत | कक्षा १ मा भर्नादर बृद्धि गराउनका लाीग पूर्व प्राथामिक तहमा भर्नादर बढाइएको, वालविकास केन्द्र संचालनमा सहजीकरण गरिएको छ । त्यसै गरी विद्यालयको प्राथमिक तहका बालवालिकाहरुका लागि दिवाखाजा कार्यक्रम सञ्चालन भएका छन् । | ९७.६ प्रतिसत |
| २.५ | आधारभूत तह कक्षा(१-५) मा कक्षा छाड्ने दर | ६.९९ प्रतिसत | आधारभूत तह कक्षा(१-५) मा विद्यार्थीहरुलाई टिकाई राख्न ३७ वटा विद्यालयहरुमा २१६१ जना विद्यार्थीहरुलाई दिवा खाजा कार्यक्रम सञ्चालन, छात्रबृत्ति, खेलकूद तथा शैक्षिक सामाग्री वितरण, अतिरिक्त | ५.१० प्रतिशत |

| | | | | |
|---|---|---|---|---|
| | | | क्रियाकलाप सञ्चालन, अति गरिव परिवारलाई आयआर्जन, दुर्गमा क्षेत्रमा रहेका, न्यून आय भएका २२ जना विद्यार्थीका लागि आवास सहुलित विद्यालय सञ्चालन लगायतका कार्यक्रमहरु संचालन गरिएको छ । | |
| २.६ | आधारभुत तहमा कक्षा दोहोऱ्याउने दर | ५.६८ प्रतिसत | शिक्षा गुणस्तरमा सुधार गर्न तथा विद्यालयमा बालवालिकामैत्री एवम् शिक्षण सिकाईमैत्री वातावरण सिर्जना गर्न अतिरीक्त क्रियाकलाप तथा विभिन्न खेल सामाग्रीहरुको व्यवस्था गरिएको छ । पालिका भित्र रहेको विष्णु माविले विद्यार्थीलाई कक्षा नचढाउने नीतिगत निर्णय गरेकोले दर बढेको हो । | ८.४७ प्रतिसत |
| २.७ | आधारभूत तह कक्षा(१-८) तहमा उत्तिर्ण दर | ९०.३३ प्रतिसत | शिक्षकहरुलाई विभिन्न तालिम तथा डिजिटल हाजिरी व्यवस्थापन, बालवालिकाहरुलाई शैक्षिक तथा खेलकूद सामाग्री वितरण, विभिन्न प्रकारका अतिरिक्त क्रियाकलाप सञ्चालन, दिवा खाजा कार्यक्रम तथा नियमित विद्यार्थीको सिकाईस्तर मापन प्रकृया अवलम्बन गरिएको । नमूना विद्यालय सञ्चालन गरिएको छ । विष्णु माविले कमजोर विद्यार्थीलाई कक्षा नचढाउने नीति लिएको हुँदा उत्तिर्णा दर घटेको हो । | ८६.४३ प्रतिसत |
| २.८ | आधारभूत तह कक्षा(१-५) मा तालिम प्राप्त शिक्षक संख्या | १२३ जना | आधारभूत तह कक्षा(१-५) कार्यरत शिक्षकहरु सवै जनाले तालिम प्राप्त गरी सकेको र नियमित रुपमा पुर्नताजगी तालिमहरु समेत लिने गरेको । | १२३ जना |
| २.९ | प्रति कक्षाकोठा | १: १८ | गाउँपालिका क्षेत्रमा रहेका ४३ वटा | कक्षा कोठा |

| | | | | |
|---|---|---|---|---|
| | विद्यार्थी संख्या | | विद्यालयहरुमा जम्मा १११ भवनहरुमा २७९ कोठाहरु रहेको छ । जसमा ८९ वटा कोठाहरु कार्यालय प्रयोजनका लागि अन्य कोठाहरु पठनपाठनका लागि प्रयोगमा आएका छन् । हाल विद्यालय तहमा अध्ययनरत विद्यार्थी संख्या ३९१८ जना रहेका छन् । | विद्यार्थी अनुपात १: १४ रहेको छ । |
| २.१० | वह्य सहयोगमा निर्मित विद्यालय कोठा संख्या (सरकारी तथा सामुदायिक विद्यालयको मात्र) | २४९ वटा | सोह्र कोठे भवन एक वटा, चार कोठे भवन एक वटा र दुई कोठे भवन एक वटा विद्यालय भवन निर्माण गरी कक्षा कोठा व्यवस्थापनमा थप सुधार गरिएको छ । | २७१ वटा |
| २.११ | स्थानीय तहबाट निर्मित विद्यालय कोठासंख्या | २ कोठा | विभिन्न विद्यालयहरुको मर्मत सम्भारको लागि बजेट विनियोजन गरी विद्यालय भवन तथा कक्षा कोठा मर्मत सुधार गरिएको छ । र १ कोठा स्थानीय तहको सहयोगमा निर्माण भएको । | ३ वटा |
| २.१२ | दलित बालबालिकाहरुको शिक्षामा पहुँच | ३५७ जना | दलित बालवालिकाहरुलाई छात्रृतिको व्यवस्था गरिएको, नेपाल सरकारको दलित बालवालिका सहयोग कार्यक्रमले सकारात्मक प्रभाव पारेको छ । केही बालवालिका अन्य स्थानमा अध्ययन गर्न गएको हुँदा दलित बालवालिका संख्या घटेको देखिन्छ । | ३१७ जना |

| ३ | **खानेपानी तथा सरसफाई** | | | |
|---|---|---|---|---|
| ३.१ | खानेपानी पुगेको परिवार संख्या वा प्रतिशत | ८० प्रतिसत | असिने बर्खे पधँैरेमुल छ्याछयारे र ओयाम बृहत खानेपानी योजना र अन्य विभिन्न साना खानेपानी योजना सञ्चालन गरी जम्मा १७५ घरधुरीमा खानेपानी व्यवस्थापन गरिएको छ। खानेपानीको टंकी तथा पाईप मर्मत गरी थप घरपरिवारलाई थप सेवा व्यवस्थापन गरिएको छ। | ८४ प्रतिसत |
| ३.२ | शौचालय भएको घरधुरी संख्या वा प्रतिशत | ९८ प्रतिसत | पूर्ण सरसफाई कार्यक्रमको लागि समुदायस्तरमा विभिन्न प्रकारका जनचेतनामुलका कार्यक्रम संचालन गरी अभिमुखिकरण कार्यक्रमलाई निरन्तरता दिइएको छ। एक वटा विद्यालय तथा नया बन्ने भवनहरुमा थप शौचालय निर्माण गरिएको छ । त्यसै गरी शौचालयलाई नियमित सरसफाई गरी व्यवस्थीत रुपमा प्रयोगका लागि नियमित अनुगमन हुने गरेको छ। | ९८.७३ प्रतिसत |
| ३.३ | खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | सत प्रतिसत | पालिका क्षेत्रका आधारभूत सामुदायिक विद्यालयहरु ३७ वटा रहेका छन् । हरेक विद्यालयहरुमा खानेपानीको व्यवस्थापन भएको छ। चालु बर्षमा १ वटा आधारभूत विद्यालयहरुमा खानेपानी सहितको शौचालय निर्माण गरिएको छ। | सत प्रतिसत |
| ३.४ | खानेपानी सुविधासहित छात्रछात्राको लागि अलग अलग शौचालय भएको भएको प्राथमिक विद्यालय | ६८ प्रतिसत | चालु बर्षमा १ वटा आधारभूत विद्यालयहरुमा खानेपानी सहितको शौचालय निर्माण गरिएको | ७० प्रतिसत |
| ३.५ | सुधारिएको तथा आधुनिक चुलो | अभिलेख नभेटिएको | पालिका क्षेत्रमा क्रमस सुधारिएको चुल्होको प्रयोग बढदै गएको छ । ग्रामिण क्षेत्रमा | २४८२ परिवार |

| | | | | |
|---|---|---|---|---|
| | भएको परिवार संख्या | | धुवाँरहीत सुधारिएको चुलो निर्माण सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिएको छ । चालु वर्षमा बनेको नयाँ घर निर्माण गरिएको छ ।<br>साथै ग्रामिण भेगमा ग्याँसको खपत बर्सेनी बढदै गएको छ । | |

| ४ | **बालबालिका, महिला तथा समावेशी क्षेत्र** | | | |
|---|---|---|---|---|
| ४.१ | बाल विवाहको संख्या | अभिलेखमा कायम नरहेको | बालमैत्री स्थानीय तह घोषणका लागि बाल पाश्वचित्र निर्माण गरिएको छ ।<br>बाल बिबाह अन्त्यका लागि किशोरी सशक्तिकरण कार्यक्रमको लागि छनौट गरिएको श्री गणेश मा.वि. मा किशोरी सशक्तिकरण कार्यक्रम सम्पन्न गरिएको छ । याङवरक गा. पा. भित्र रहेका २५ वटा विद्यालयका १२७० किशोरी छात्रा हरुलाई आईरन फोलिक एसिड वितरण भएको । वाल सञ्जाल र बालक्लवहरुले बाल अधिकार सम्बन्धी जानकारी प्रदान गरिएको, समयसमयमा गरिने बैठक, अन्तरकृया लगायतका कार्यक्रमहरु संचालनमा रहेको साथै प्रहरी चौकी तथा अन्य सम्बद्ध संस्थाहरुको सहकार्यमा बाल अधिकार सम्बन्धी जनचेतना अभियान संचालन गरिएको छ | याङवरक गाउँपालिका पोषणमैत्री र बालमैत्री स्थानीय शासनको अवस्था सम्बन्धी वस्तुगत विवरण २०७९।८० मा ९१ जनाले उमेर नपुगी विवाह गरेको देखिएता पनि सरकारी अभिलेखमा बाल विवाहको संख्या नभेटिएको । |
| ४.२ | साामाजिक विकृति विसंगती | अभिलेख कायम नरहेको | गाउँपालिकाको न्यायिक समितिको सहजीकरणमा स्थानीयस्तरमा सचेतना अभियान, सामुदायिक प्रहरी | अभिलेखमा फेला नपरेको |

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यक्रम तथा अन्य सामाजिक संघसंस्थामार्फत सामाजिक विकृति न्यूनिकरणका सचेतनामुलक कार्यक्रमहरु संचालन गरिएको । | |
| **५** | **जनचेतना तथा गरिबी निवारण** | | | |
| ५.१ | बालश्रमको अवस्था | अभिलेख कायम नरहेको | बालमैत्री स्थानीय तह घोषणका लागि बाल पाश्वचित्र निर्माण गरिएको छ ।<br>स्थानीयस्तरमा सचेतनामुलक कार्यक्रमहरु संचालन गरिएको । | नभएको |
| ५.२ | बालक्लवहरुको अवस्था | ३५ | बालवालिकाको सहभागितामा समुदायस्तरमा वडास्तरीय बालसञ्जाल १ र र विद्यालयस्तर ३४ गरी जम्मा ३५ वटा बाल सञ्जाल तथा क्लवहरु क्रियासिल रहेका छन् । | ३५ वटा बालक्लव तथा बाल सञ्जाल रहेको । |
| ५.३ | लैङ्गिक हिंसा | नभएको | महिला सशक्तिकरण एवम् मुलप्रवाहीकरणका लागि महिला संस्थाहरुको चौमासिक अन्तरक्रिया, महिला हिंसा विरुद १६ दिवसिय अभियान, सामाजिक सुरक्षा दिवस, अन्तराष्ट्रिय श्रमिक महिला दिवस, एकल महिला दिवस लगायतका दिवसहरु एवम् लैङ्गिक हिंसा विरुद्ध र महिला कानूनी अधिकार सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गरी अधिकार प्रति सचेत बनाइएको छन् । लैङ्गिक हिंसा निवारण कोष स्थापना | नभएको |

| | | | | |
|---|---|---|---|---|
| | | | गरिएको छ । हिंसा पिडित महिलाको लागि दुई वटा आश्रय सेवा केन्द्र सञ्चालन गरिएको छ । | |
| ५.४ | रोजगारीको अवस्था | प्रधानमन्त्री रोजगार कार्यक्रमबाट ११०१ जनलाई सूचिकृत गरी २२० जनलाई १७९६३ दिन रोजगारी उपलव्ध गराइएको । | पालिकाले सञ्चालन गरेको विभिन्न पूर्वाधार विकास सम्बन्धी सञ्चालन गरेकोछ । प्रधानमन्त्री स्वरोजगार कार्यक्रम, पूर्वाधार विकास, सामाजिक आर्थिक विकासका एवम् क्षमता विकास र सचेतनामुलक विभिन्न प्रकारका कार्यक्रमहरुमा सहजीकरण रोजगारी सिर्जना भएपनि अभिलेख कायम नभएको । प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचकृत भएका १५३४ बेरोजगार मध्ये १४३ जनालाई १३५२३ दिनकोा रोजगारी दिइएको छ । | स्थानीयस्तरमा अल्पकालिन श्रममुलक रोजजारी सिर्जना भएको छ सीपमुलक तालिम प्राप्त गरेको व्यक्तिहरुले क्रमस दिर्घकालिन रोजगारको थालनी गरेका छन् । |
| ५.५ | स्वरोजगारका प्रयासहरु | महिलालाई ढाका कपडा बुनाई तालिम प्रदान, खोर्सानी र अलैची एवम् नागीमा तरकारी पकेट क्षेत्र सञ्चालन, १७ थान हाते ट्रयाक्टर वितरण, बाख्रा पकेट क्षेत्र निर्धारण गरी ५८ जना पशुपालकलाई व्यवसायिक उत्पादन थालनी गरी स्वरोजगार तर्फ उन्मुख | "प्याज उत्पादनमा युवा लक्षित कार्यक्रम" अन्तर्गत १४ जना लाभग्राहीहरुलाई प्याज उत्पादनमा अनुदान प्रदान, अलैंची वगान व्यवस्थापन, कागतीको विरुवा रोपण, आलु बालीमा २ वटा र अलैचीमा एक वटा पकेट विकास कार्यक्रम संचालन, अनुदानमा कृषकहरुलाई ६ थान मिनि मिल वितरण, गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सिलाइ कटाइ ४४ जना, हाउस वाइरिङ १२ जना, | विभिन्न प्रकारका तालिम, क्षमता विकास र प्रविधि प्राप्त गरेका १७३ जना व्यक्ति तथा परिवारले स्वरोजगार तर्फ उन्मुख भएका छन् । |

| | | | | |
|---|---|---|---|---|
| | | गराइएको । | फर्निचर १३ जना गरी जम्मा ६९ जना सहभागिहरुलाई व्यवसायिक सीप विकास तालिम दिइएको छ । सीप विकास तालिम (सिलाइ कटाइ तालिम) लिइसकेका ३२ जना सहभागिहरुलाई सिलाइ कटाइ मेसिन वितरण गरिएको छ । उद्यमीको स्तरोन्नति तर्फ १५ जना सहभागिहरुलाई कृषि तथा पशुपालन तालिम र १० जना सहभागिहरुलाई डल कुसन तालिम, कृषि तथा पशुपालन तालिम लिने १५ जना सहभागिहरुलाई प्लाष्टिक टनेल वितरण, १२ जना युवाहरुलाई ४० दिने पक्कीघर बनाउने दक्ष मिस्त्री तालिम प्रदान लगायत प्रदान सीपमुलक तालिम तथा अनुदान र कृषि सामाग्री वितरण गरी स्वरोजगार बनाउन प्रयत्न गरिएको छ । | |
| ५.६ | गरिब न्यूनिकरणका प्रयासहरु | महिलालाई ढाका कपडा बुनाई तालिम,<br>खोर्सानी र अलैची तरकारी पकेट क्षेत्र सञ्चालन,<br>कृषक समुहलाई १७ थान हाते ट्र्याक्टर वितरण,<br>बाख्रा पकेट क्षेत्र निर्धारण गरी ५८ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सिलाइ कटाइ ४४ जना, हाउस वाइरिङ १२ जना, फर्निचर १३ जना गरी जम्मा ६९ जना सहभागिहरुलाई व्यवसायिक सीप विकास तालिम दिइएको छ ।<br>सीप विकास तालिम (सिलाइ कटाइ तालिम) लिइसकेका ३२ जना सहभागिहरुलाई सिलाइ | गरिवी न्यूनिकरणका लागि गाउँपालिबाट आवश्यक सीप, प्रविधि तथा अनुदान प्रदान मार्फत सहयोग गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | जना पशुपालकलाई व्यवसायिक पशुपालन सहयोग,<br><br>प्रधानमन्त्री रोजगार कार्यक्रमबाट ११०१ जनलाई सूचिकृत गरी २२० जनलाई १७९६३ दिन रोजगारी उपलब्ध गराइएको । उन्नत जातको विउ विजन तथा रासायनिक र जैविक विषाद्को निशुल्क सेवा १३०० कृषकले प्राप्त गरेका छन् । | कटाइ मेसिन वितरण गरिएको छ ।<br><br>उद्यमीको स्तरोन्नति तर्फ १५ जना सहभागिहरुलाई कृषि तथा पशुपालन तालिम र १० जना सहभागिहरुलाई डल कुसन तालिम सम्पन्न भइसकेको छ ।<br><br>कृषि तथा पशुपालन तालिम लिने १५ जना सहभागिहरुलाई प्लाष्टिक टनेल वितरण गरिएको छ । | |
| ५.७ | वातावरण सुधार तथा विपद् व्यवस्थापन | पालिका क्षेत्र वातावरण मैत्री रहेको छ । | फोहोरमैला व्यवस्थापन निति निर्माण गरिएको छ । जस्मा १० वटा विषयक्षेत्र भित्र ६२ वटा नीति रहेका छन्<br>पालिका कार्यपालिकाको कार्यालय परिसर, वडा कार्यालय तथा सेवा केन्द्रहरुको कार्यालय परिसरलाई फुलवारी बगैंचा निर्माणगरी वातावरणमैत्री कार्यालय व्यवस्थापन थालनी गरिएको।<br>आकस्मिक कोषको स्थापना गरी ३६ जनालाई राहत प्रदान गरेको छ ।<br><br>भारी वर्षातको कारण पूर्ण क्षति वा विस्थापित एवम् जोखिममा | पालिका बजार क्षेत्र तथा सार्वजनिक स्थलहरुमा वातावरणमैत्री रहेको छ । पूर्वाधार विकास योजना सञ्चालन गर्दा बातावरणमैत्री नीतिलाई अवलम्बन गरिएको छ । विपद्मा परेका पिडित परिवारलाई समयमै आवश्यक राहत प्रदान गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | | परेका ८७ घरपरिवारलाई विभिन्न प्रकारका राहत उपलव्ध गराइएको छ ।<br><br>आगलागी तथा मनसुनजन्य विपद्को १४ घरको सफ्टवेयर मार्फत तथ्याङ्क संकलन गरिएको छ ।<br><br>बैकल्पीक उर्जाको स्रोतको रुपमा दुई वटा सोलार सेट जडान गरिएको छ ।<br><br>थर्पु बजारमा ४ वटा फायर हाइड्रेन्ट जडान गरिएको छ । | |
| ५.९ | एच.आई.भि र एड्स | अभिलेख नभएको | विभिन्न प्रकारका सचेतनामुलक कार्यक्रमहरु सञ्चालन भएको जहाँ एच आई भि एड्सको रोकथाम र सावधानीको विषयमा जानकारी गराइएको छ ।. | अभिलेख नभएको |
| ५.१० | लागु पदार्थ दुर्व्यशनी | अभिलेखमा नरहेको | सामुदायिक साझेदारी प्रहरी कार्यक्रम अन्तरगत विभिन्न प्रकारका अन्तरक्रिया तथा सचेनामुलक कार्यक्रमहरु सञ्चालन गरिएका छन् । | अभिलेख नभेटिएको |
| ५.११ | विकासमा समान सहभागिता | विवरण प्राप्त नभएको | विभिन्न प्रकारका योजना तथा कार्यक्रमहरुका लागि उपभोक्ता समितिहरु गठन एवम् परिचलन हुने गरेको छ । यसरी गठन गरिने उपभोक्ता समितिहरु, विभिन्न सामाजिक संघसंस्थाहरुमा महिला, दलित तथा पिछाडिएको क्षेत्रको सहभागितालाई बढदै गएको छ | समितिहरुमा महिलाहरुको कम्तीमा ३३ प्रतिशत सुनिश्चित गरिएको ।<br>सामाजिक विकास कार्यक्रममा लक्षीत क्षेत्रको ८५ प्रतिशत सहभागिता रहेको । |

| | | | | |
|---|---|---|---|---|
| | | | । लक्षीत क्षेत्रको सहभागितालाई प्राथामिकता दिई लक्षीत समुहको संलग्नतमा संघसंस्थाहरु मार्फत कार्य गरिएको छ । | |

**६. सेवाहरुमा पहुँच**

| | | | | |
|---|---|---|---|---|
| ६.१ | स्थानीय बजार पुग्न लाग्ने समय | गाउँवासीलाई नजिकैको बजार सेवा लिनको लागि वढीमा ३ घण्टा समय लाग्ने अवस्था छ । | वडास्तरबाट आउने ३२.९२ कि.मि. सडक स्तरउन्नती तथा २.८ किलो मिटर नयाँ सडक ट्र्याक निर्माणको कार्य भएको छ । ग्रामिण क्षेत्रका सडकहरुलाई सदैव आवतजावत सहज रुपमा गर्नको लागि सडक मर्मतको कार्य भईरहेको छ चालु आर्थिक बर्षमा विभिन्न सडकहरुको सडकस्तरोन्नति गरेको कारणले स्थानी बजार सम्म जानको सहता भएको छ । | ५० प्रतिसत गाउँवासीलाई एक घण्टामा बजारको सेवा प्राप्त गरेका छन् । स्थानीय बजार प्रबर्द्धन गर्न थालिएको छ । |
| ६.२ | कृषी सेवा केन्द्र जान लाग्ने समय | अधिकतम ५ घण्टा सम्म समय लाग्छ । | वडास्तरबाट आउने ३२.९२ कि.मि. सडक स्तरउन्नती तथा २.८ किलो मिटर नयाँ सडक ट्र्याक निर्माणको कार्य भएको छ । ग्रामिण क्षेत्रका सडकहरुलाई सदैव आवतजावत सहज रुपमा गर्नको लागि सडक मर्मतको कार्य भईरहेको छ चालु आर्थिक बर्षमा विभिन्न सडकहरुको सडकस्तरोन्नति गरेको कारणले स्थानी बजार सम्म जानको सहता भएको छ । | गाउँपालिकाको केन्द्र सम्म पुगी सेवा लिनका लागि बढीमा ५ घण्टासम्म समय लाग्ने देखिन्छ । पशु सेवाको सुविधा लिनको लागि हरेक वडामा सेवा केन्द्र सञ्चालन गरी सोही मार्फत नियमित सेवा प्रवाह गरिएको छ । |
| ६.३ | सामाजिक सुरक्षा ( एकल महिला, अपाङ्ग, | ज्येष्ठ नागरिक , दलित , एकल महिला , विधवा , पूर्ण अपांग | सामाजिक सुरक्षा भत्ता वडागत तहमा हिमालयन मबैंक मार्फत स्थलगत रुपमा वितरणको व्यवस्था मिलाईएकोमा चालु आर्थिक बर्षको चौथो चौमासिक देखि EFT मार्फत | ज्येष्ठ नागरिक , दलित , एकल महिला , विधवा , पूर्ण अपांग , अति असक्त र दलित बालवालिका |

| | | | | |
|---|---|---|---|---|
| | पिछडिएको क्षेत्र तथा लोपोन्मुख जाति) | , अति असक्त र दलित बालवालिका गरी १४८२ जनाले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका छन् । | लाभग्राहीकै खातामा सोझै जम्मा हुने व्यवस्था गरिएको छ । गत बर्ष भन्दा १५० थप व्यक्तिहरुले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका छन् । | गरी जम्मा १६३२ जनाले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका छन् । |
| ६.४ | सामाजिक शक्तिकरण र संस्थागत विकास कार्यक्रम | विवरण प्राप्त नभएको | विभिन्न महिला संजाल, अन्य लक्षीत आदिवासी जनजाति, दलित, ज्येष्ठ नागरिक, अपांग, बालवालिका तथा युवा लगायतका बर्ग र क्षेत्रका संजालहरुको सहभागितामा संस्थागत विकासको लागि समुह गठन तथा परिचालन लगायत संस्थागत क्षमता विकास लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको छ । | विभिन्न समिति तथा समुहहरुको गठन, कार्यालय व्यवस्थापन एवम् क्षमता विकास भई गाउँपालिका क्षेत्रमा विकास अभियानमा सहकार्य भएको |
| ६.५ | खेलकूद विकास एवम् खेल प्रबर्दन | पालिका स्तरीय भलिबल प्रतियोगिता सञ्चालन, उपाध्यक्ष व्याडमिन्टन प्रतियोगिता सञ्चालन गरिएको छ । खेल पूर्वाधारका लागि मल्टी प्रपोज भवन निर्माण प्रकृया थालनी भएको छ । | याङवरक गाउँपालिकाको खेलकुद विकास ऐन निर्माण गरी पारित भएको छ । मल्टिप्रपोज कभर्डहल निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।<br>अन्तर वडास्तरीय अध्यक्ष कप फुटबल प्रतियोगिता, उपाध्यक्ष कप व्याडमिन्टन प्रतियोगिता लगायत अन्य खेलकुद प्रतियोगिताहरुको आयोजना गरिएको छ । कुम्मायक गोल्डकप पुरुष फुटबल प्रतियोगितामा प्रथम स्थान र अन्तरपालिकास्तरीय पुरुष भलिबल प्रतियोगितामा प्रथम स्थान हाँसिल गरेको छ ।<br>खेलाडीहरुको प्रोत्साहनको लागि समय-समयमा खेलाडी सम्मान कार्यक्रमको आयोजनना गरिएको छ । | विभिन्न खेलहरु सञ्चालनभई खेलकूदको माध्यमबाट यूवाहरुको क्षमता विकास भएको छ । खेलकुद पूर्वाधार मल्टिप्रपोज भवन निर्माण भएको छ । |

| | | | | |
|---|---|---|---|---|
| ६.६ | व्यक्तिगत घटना दर्ता सेवा व्यवस्थापन | जन्मदर्ताः ६५८ मृत्यूदर्ता : २०४ विवाहदर्ता : २०८ साईसरी गएका : १२३ बसाईसरी आएको : ३२ सम्बन्ध विच्छेदः ११ (२०७८ सालको अभिलेखको आधारमा) | सबै वडाहरुमा अनलाईन प्रणालीबाट व्यक्तिगत घटना दर्ता कार्य सम्पादन गरिदै आएको छ । वडातहमा गरिएको दर्ता अभिलेखलाई बार्षिक रुपमा एकीकृत विवरण पालिकामा तयार गरिन्छ । व्यक्तिगत घटना विवरणलाई प्रमाणिकरण गर्ने कार्य सम्पन्न भएको छ । चालु आर्थिक बर्षमा व्यक्तिगत घटना दर्ता अनुसार बसाई सरी आउनेको संख्या घटेको तर बसाई सरी जानेको संख्या बढेको देखिन्छ । | जन्म दर्ता ५९१, मृत्यु दर्ता १८१, विवाह दर्ता २२८ सम्बन्ध विच्छेद १६ बसई सराई आएको १७ र गएको १५५ गरी जम्मा ११८८ वटा व्यक्तिगत घटनाहरु दर्ता भएको छ । (२०७९ सालको अभिलेखको आधारमा) |
| ६.७ | सुशासन व्यवस्थापन सम्बन्धी कार्यहरु | विभिन्न संघसंस्थाबाट गरिएको तर अभिलेख नराखिएको | याङवरक गाउँपालिकाको सार्वजनिक जवाफदेहिता सम्बन्धी कार्यविधि, २०७८ जारी गरी सुशासन व्यवस्थापन सम्बन्धी नियमित गतिविधि सञ्चालन गरिएको छ । सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, बार्षिक समीक्षा गोष्ठी, नियमित अनुगमन तथा प्रतिवेदन प्रणाल लगायतका सुशासन र पारदर्शिता सम्बन्धी कार्यहरु सञ्चालन गरिएको छ । नियमित रुपमा सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन कार्यालय परिसरमा सिसि क्यामेरा राखी अनुगमन गर्ने, पालिका केन्द्र र हरेक वडाहरुमा नागरिक वडापत्र जारी एवम् बार्षिक योजना तथा कार्यक्रम विवरणलाई सार्वजनिक गरी सेवा प्रवाहलाई चुस्त बनाइएको छ । गाउँ सभा तथा कार्यपालिकाबाट स्वीकृत भएको ऐन, नियम र कार्यविधि निर्देशिकाहरु कार्यालयको | गाउँपालिकाबाट प्रवाह भएको सेवा गुणस्तरीय, पारदर्शी र उत्तरदायी रहेको छ । गुनासो प्राप्त भएका तत्कालै व्यवस्थापन गरी सेवालाई चुस्त बनाइएको छ । नियमित रुपमा स्वत प्रकासन भएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | | वेभसाईटमा राखी सार्वजनिक गरिएको छ । त्यसै गरी विभिन्न सञ्चार माध्यमहरुवाट गाउँपालिकाको गतिविधिलाई प्रचार प्रसार गरी नागरिकको सूचना पाउने अधिकारलाई सुनिश्चित गरिएको छ । कार्यालयमा प्रवक्ता, सूचना अधिकारी र गुनासो सुन्ने अधिकारी तोकि सेवलाई जनमुखी बनाइएको छ । नियमति रुपमा स्वत प्रकासन गरिएको छ । | |
| ६.८ | न्यायिक सेवा सम्पादन | न्यायिक समितिमा हालसम्म पेश भएका मुद्धाहरु समयमै फर्च्यौट एवम् सो सम्बन्धी कार्यवाही अगाडि बढाइएको छ । | न्यायिक समितिको बैठकहरु नियमित रुपमा सम्पन्न भएका छन् । यस बर्ष न्यायिक समितिमा ५ वटा मुद्धाहरु दर्ता भएकोमा २ वटा मुद्धाहरु फर्च्यौट गरिएका छन् । ३ वटा मुद्धा जिल्ला अदालतमा पठाइएको छ पालिका क्षेत्रमा रहेको समाजसेवी व्यक्तिहरुलाई छनौट गरेर मेलमिलाप २९ जना मेलमिलापकर्ताहरुलाई आधारभूत तालिम प्रदान गरी सूचीकृत भएका छन् । सवै वडाहरुमा मेलमिलाप केन्द्र सञ्चालनमा रहेका छन् ।। | न्यायिक समितिमा पेश भएका विवादहरु फर्च्यौट गरेको छ । |
| ६.९ | फोहोरमैला व्यवस्थापन कार्यक्रम | विवरण प्राप्त नभएको | पालिकास्तरको फोहोरमैला व्यवस्थापन केन्द्र निर्माणका लागि जग्गा पहिचान गर्ने कार्यको थालनी गरिएको छ । स्थानीय बजारमा नियमित रुपमा फोहोर संकलन गरी नजिकैको खुला स्थानमा व्यवस्थापन गरिएको छ । | नियमित रुपमा फोहोरमैला संकलन गरी खुला स्थानमा व्यवस्थापन गरिएको छ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | **संस्थागत क्षमता** | | | |
| ७.१ | गाउँसभा, कार्यपालिका, विभिन्न समितिहरु तथा वडा समितिको बैठक व्यवस्थापन | गाउँ सभा र । कार्यपालिकाको बैठक कानुन बमोजिम नियमित रुपमा बस्ने गरेको छ । विभिन्न ५ वटा विषयगत समितिहरुको बैठक आवश्यकक्तानुसार बस्ने गरेकोछ । | गाउँ सभाको ३ वटा बैठकहरु सम्पन्न भएका छन् जसले गाउँपालिकाको लागि आवश्यक कानुनहरु पारीत, आ.व. २०८०।८१ को बार्षिक नीति तथा कार्यक्रम र बजेट पारित गरेको छ । त्यसै गरी कार्यपालिकाको बैठक १३ वटा सम्पन्न भई विभिन्न कार्यविधि, निर्देशिकाहरु स्वीकृत एवम् समसामयिक निर्णयहरु गरिएका छन् । त्यसै गरी वडा समितिको बैठकहरुबाट योजना छनौट, शहरी सुशासन तथा सेवा व्यवस्थापन भएका छन् भने विषयगत समिति र विभिन्न समितिहरुको बैठक बसी निर्णय गरी कार्यसम्पादन भएका छन् | १३ औ गाउँ सभा भएका छन् । गाउँ कार्यपालिकाको ९५ औ बैठक गता आीर्थक बर्षमा भएको छ । गत बर्षमा कार्यपालिकाको ६ वटा बैठक भएका छन् । सवै वडा कार्यालयहरुमा वडा समितिका पदाधिकारीहरुलाई जिम्मेवारी बाँडफाँड गरी सेवा व्यवस्थापन गरिएको छ । |
| ७.२ | निर्वाचित जनप्रतिनिधिहरु | २०७९ सालमा सम्पन्न भएको स्थानीय तहको निर्वाचनबाट अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्षहरुसहित ३४ जनाको गाउँसभा गठन भएको हो । त्यसै गरी १४ जनाको कार्यपालिका गठन भएको हो । जसमा कार्यपालिका सदस्यहरु ८ रहेका छन् । | गाउँ सभा, कार्यपालिका र विभिन्न समितिको बैठमा सहभागि हुने, गाउँ कार्यपालिका र वडा समितिको नियमित कार्य सम्पादनमा जनप्रतिनिधिहरुको भूमिका हुने गरेको छ । गाउँपालिकाको नीतिगत व्यवस्था तथा त्यसको कार्यान्वयन र अनुगमनको कार्यहरुमा जनप्रतिनिधिहरुको | गाउँ सभामा ३४ र कार्यपालिकामा १४ जना पदाधिकारी रहेको सभा र कार्यपालिका गठन भई निरन्तर क्रियासिल रहेको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | | सहभागिता प्रभावकारीरुपमा रहेको छ । | |
| ७.३ | संगठन संरचना र जनशक्ति | नेपाल सरकारको स्वीकृत कर्मचारी दरबन्दी कायम रही संगठन व्यवस्थापन सर्वेक्षण गरी गाउँपालिकाको लागि कुल कर्मचारी दरबन्दी ७१ रहने गरी कर्मचारी दरबन्दी स्वीकृत गरिएको छ । स्वीकृत दरबन्दीमा स्वास्थ्य सेवा तर्फका कर्मचारीहरुको दरबन्दी समावेश गरिएको छैन । | कर्मचारी, समायोजन एवम् लोकसेवा आयोगबाट समायोजन भएर आएक र विभिन्न कार्यक्रमहरुमा कर्मचारी जनशक्ति व्यवस्थापन गरिएको छ । | स्वीकृत कर्मचारी दरबन्दी ७१ रहेको छ। विभिन्न शाखा, उपशाखाहरु, ६ वटा वडा कार्यालयहरु, ८ वटा स्वास्थ्य सेवा केन्द्रहरुमा समेत गरी जम्मा ९६ जना कर्मचारी कार्यरत रहेका छन् । |
| ७.४ | कर्मचारी क्षमता विकास कार्यक्रम | गाउँ क्षमता विकास योजना निर्माण भएको छैन । | गाउँ क्षमता विकास योजना नभएतापनि गाउँपालिको स्वीकृत बार्षिक कार्यक्रममा समावेश गरिएको विषयगत क्षेत्रका कार्यक्रमहरुबाट क्षमता विकास सम्बन्धी तालिम तथा अभिमुखिकरणहरु सञ्चालन हुने गरेको छ । संघीय तथा प्रदेश सरकारका मन्त्रालय एवम् अन्य सरोकारवाला सहयोगी निकायहरुबाट आयोजना भएका क्षमता विकास कार्यक्रमहरुमा सहभागिता हुने गरेको छ । | जनप्रतिनिधि तथा कर्मचारीहरु एवम् सरोकारवाला निकायहरुको समेत क्षमता विकास कार्यक्रमहरु निरन्तर रुपमा सञ्चालनमा रहेका छन् । |
| ७.५ | सूचना तथा | गाउँपालिकाको बेभसाईट मार्फत | बार्षिक बजेट पुस्तिका तथा बार्षिक समीक्षा | गाउँपालिकाको बेभसाईट अद्यावधिक भएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | तथ्याङ्क व्यवस्थापन | नियमित रुपमा पालिका गतिविधि समाचार अद्यावधिक गरिएको छ । त्यसै गरी बार्षिक नीति योजना तथा कार्यक्रम पुस्तीका प्रकासन, बार्षिक समीक्षा प्रतिवेदन पुस्तिका प्रकासन, विभिन्न सार्वजनिक सूचनाहरु स्थानीय पत्र पत्रीका मार्फत प्रकासित गरी सूचना व्यवस्थापन गरिएको । | प्रतिवेदन पुस्तिका प्रकासित गरिएको, विभिन्न प्रकारका सचेतनामुलक सूचनाहरुलाई प्रशारण गरिएको छ ।<br>त्यसै गरी राजपत्र, मध्यमकालिन खर्च संरचना, याङवरक गाउँपालिकाको पोषमैत्री र बालमैत्री स्थानीय शासनको अवस्था सम्बन्धी वस्तुगत विवरण, सहकारी प्रोफाइल लगायतका अभिलेखहरु प्रकासित गरी सार्वजनिक गरिएको छ । | बार्षिक बजेट पुस्तिका तथा अन्य सार्वजनिक महत्वका अभिलेख प्रकासित गरी सार्वजनिक गरिएको छ । |
| ७.६ | भौतिक व्यवस्था | प्रमुख भौतिक श्रोत साधनहरुमा भवन संख्या १४, चार पाङग्रे सवारी साधन १, मोटरसाईकल २० थान कम्प्युटर ४६ थान, ल्यापटप २६ जान, अन्य मेसिनरी सामन ६५ थान, जग्गा ४४ कित्ता, क्षेत्रफल ५५ रोपनी लगायतका सामानहरु पालिकाको सम्पत्तिको रुपमा रहेका छन् । | भवन २ वटा, मोटरसाईकल थान ५, कम्प्युटर ३ थान, ल्यापटप ११ थान, अन्य मेसिनरी सामान ३ थान लगायतका सामानहरु कार्यालय व्यवस्थापनको लागि थप गरिएकोछ । | प्रमुख भौतिक श्रोत साधनहरुमा भवन संख्या १४, चार पाङग्रे सवारी साधन १, मोटरसाईकल २५ थान कम्प्युटर ४६ थान, ल्यापटप ३७, अन्य मेसिनरी सामन ६५ थान, जग्गा ४४ कित्ता, क्षेत्रफल ५५ रोपनी लगायतका सामानहरु पालिकाको सम्पत्तिको रुपमा रहेका छन् । |
| ७.८ | समन्वय र सहकार्यका प्रयासहरु | क्षेत्रका सरकारी एवं संघसंस्थाहरु, राजनैतिकदल, पत्रकार, पालिकामा गठित विभिन्न समिति, उपसमितिहरु | बजेट स्रोत सीमा निर्धारण समिति, विषयगत समितिहरु, न्यायिक समिति, कानुन मस्यौदा तर्जूमा समिति, बजेट तर्जूमा समिति, राजश्व परामर्श | गाउँपालिकामा रहेका विभिन्न शाखा तथा उपशाखाहरु, ६ वटा वडा कार्यालयहरु, ३७ सामुदायिक विद्यालयहरु ४१ वटा बालक्लवहरु, विभिन्न उपभोक्ता एवम् |

| | | | | |
|---|---|---|---|---|
| | | लगायतका सरोकारवालहरुसंग समन्वय र सहकार्य गरी, बार्षिक नीति तथा कार्यक्रम र बजेट तयारी एवम् योजना तथा कार्यक्रम कार्यान्वयनमा टोल विकास संस्था, स्थानीय समुदाय, समुह, उपभोक्ता र सरोकारवालाहरुको सहभागितालाई सुनिश्चित गरी सुशासन र पारदर्शिताप्रकृयालाई अवलम्बन गरिएको । | समिति, विभिन्न समितिहरुमार्फत तयारी भएको नीतिगत व्यवस्था अनुसार राजनैतिकदल, सरकारी तथा गैर सरकारी कार्यालय लगायतका सरोकारवालाहरुसँगको समन्वय र सहकार्यमा बजेट तथा कार्यक्रम सम्पादन गरिएको छ | सरोकारवाला संघसंस्थाहरु र सरकारी कार्यालयहरुसँग समन्वय र सहकार्य भएका छन् । |

## १६. सामाजिक परीक्षणवाट देखिएका सवल पक्षहरु :-

याङवरक गाउँपालिकाले सामाजिक उत्तरदायित्व बहनका लागि गरेका विभिन्न कार्यहरुको सामाजिक परीक्षणमा देखिएका सवलक्षहरु निम्नानुसार उल्लेख गरिएको छ ।

१. नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई प्राप्त अधिकार बमोजिम स्थानीय सरकार सञ्चालन गर्न विभिन्न कानुनहरुको तर्जूमा गरी क्रमस कानुन कार्यान्वयन भएका छन् ।
२. सरकार सञ्चालनका लागि आवश्यक समितिहरु गठन गरी कार्य विभाजन गरी सेवा सम्पादनको व्यवस्था गरिएको छ ।
३. बार्षिक बजेट नीति तथा कार्यक्रम तर्जूमा गर्दा संघीय र प्रदेश सरकारका राष्ट्रिय तथा प्रादेशिक लक्ष्य, उद्धेश्य र प्राथमिकता अनुसारका परिलक्षीत गरिएको छ ।
४. प्रथम आवधिक योजना र मध्यमकालिन खर्च संरचना निर्माण भई कार्यान्वयनको चरणमा रहेकोछ ।
५. स्थानीय सरकार नागरिक प्रति जवाफदेहीता र उत्तरदायि रहन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र आवधिक समीक्षा कार्यक्रमलाई संस्थागत गरिएको छ ।
६. कर्मचारी समायोजन ऐन, २०७५ अनुसार कर्मचारी समायोजन तथा लोक सेवा आयोगबाट सिफारिस भई आवश्यक जनशक्ति व्यवस्थापन भएका छन् ।
७. वडातहबाटै विद्यमान कानुन बमोजिमका सेवा प्रवाहहरुलाई व्यवस्थित तवरले सञ्चालन गरिएका छन् ।

८. स्वास्थ्य क्षेत्रमा नियमित सेवा प्रवाहका लागि बर्थिङ्ग सेन्ट, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाईबाट नियमित रुपमा सेवा सञ्चालन गरिएको छ ।

९. जटिल प्रकारका सुत्केरी महिला लागि निशुल्क एम्बुलेन्स सेवा सुत्केरी महिलाको लागि एक छाक नमूना खाना तथा पोषण सेवा उपलब्ध गराइएको छ ।

१०. नमूना विद्यालय निर्माण तथा सामुदायिक विद्यालयहरुमा इन्टरनेट सेवा व्यवस्थापन एवम् शैक्षिक सूचना व्यवस्थापन गरी गुणस्तरीय शिक्षाको लागि प्रयत्न गरिएको छ ।

११. ग्रामिण क्षेत्रका महत्वपूर्ण गतिविधिहरुलाई लक्षित गरी गाउँपालिकामा सञ्चालित र सेवा प्रवाहका सन्दर्भमा पत्रपत्रीका, एफ.एम, रेडियो, टेलिभिजनबाट सूचना तथा जानकारीमुलक कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

१२. बार्षिक बजेटलाई सामाजिक, आर्थिक, वातावरणीय र संस्थागत विकासमा प्राथामिकतापूर्वक विनियोजन गरी विशेष कार्यक्रमहरु सञ्चालन गरिएका छन् ।

१३. पर्यटन, भवन निर्माण, सडक पूर्वाधार लगायतका दिर्घकालिन एवम् गौरवका योजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गरी प्राथमिकतापूर्वक बजेट विनियोजन भई कार्यान्वयनमा रहेका छन् ।

१४. विपद व्यवस्थापन कोष, लैङ्गिक हिंसा निवारण कोष जस्ता कोषहरु स्थापना गरी बालमैत्री, लैङ्गिकमैत्री, समावेशीमैत्री विकास तथा सेवा व्यवस्थापन गरिएको छ ।

१५. असहाय महिलाहरुका लागि **सुरक्षित आवासगृह** निर्माण गरी सञ्चालनमा रहेको छ ।

१६. स्थानीयस्तरमा समुदायस्तरमा, विद्यालय तथा वडाहरुमा **बालक्लवहरुको गठन तथा परिचालन** गरिएका छन् ।

१७. सुशासन व्यवस्थापन, योजना तथा कार्यक्रममा गुणस्तरीयता र प्रभावकारीताका लागि हरेक महिनामा **कम्तीमा महिनामा एक पटक एक वडामा अनुगमन** तथा नियमन गरिएको छ ।

१८. पशुपालन तथा कृषि क्षेत्रमा रोजगारी सिर्जना गर्नका लागि व्यवसायीक खेती तथा पशुपालनका लागि **पकेट क्षेत्र कार्यक्रम सञ्चालन** गरिएको छ ।

१९. न्यायिक समितिको कार्यलाई सहज र प्रभावकारी बनाउन मेलमिलाप सम्बन्धी तालिम सञ्चालन तथा सवै **वडामा मेलमिलाप केन्द्र स्थापना र सञ्चालन** गरिएको छ ।

२०. गाउँपालिका र वडा कार्यालय भवन र स्वास्थ्य केन्द्र, बर्थिङ सेन्टर तथा विद्यालय भवन, मल्टि प्रपोज कवर्ड हल निर्माण भई सेवा प्रवाहलाई व्यवस्थीत र सहज बनाइएको छ ।

२१. २४ वटा ठुला गाउँ गौरवका योजनाहरुको डिपिआर तयार भई कार्यान्वयनमा आएको छ ।

२२. गाउँ क्षेत्रमा रहेका सरोकारवाला कार्यालय एवम् संघसंस्थाहरुसँग विकास र सेवा व्यवस्थापनका लागि सहकार्य र समन्वय गरिएको छ ।

२३. वडा कार्यालयहरु तथा सेवा केन्द्रसम्म पुग्ने **सडक निर्माण तथा स्तरोन्नति** गरिएको छ ।

२४. विभिन्न प्रकारका सफ्टवेयर जडान गरी सामाजिक सुरक्षा भत्ता, व्यक्तिगत घटना दर्ता, लेखा व्यवस्थापन, राजश्व संकलन, नियमित प्रशासनिक सेवा व्यवस्थापन, EMIS, HIMS-2 लाई अनलाईन व्यवस्थापन गरिएको छ

२५. आन्तरिक आयमा गत बर्षको तुलनामा ८४.७० प्रतिसतले बृद्धि भएको छ ।

२६. कर्मचारीहरुको व्यक्तिगत अभिलेख विदा, काज तथा कार्यव्यवस्थापनलाई चुस्त दुरुस्त बनाउन कर्मचारी व्यवस्थापन सूचना प्रणाली (PMIS) को प्रयोग गरिएको छ ।

२७. टिप्पणी रजिष्टर अध्यावधिक गर्ने कार्य सुरुवात गरिएको छ ।

२८. आ.व. २०७८।७९ को अन्तिम लेखा परीक्षण प्रतिवेदनमा **नेपालमै बेरुजु कम हुने गाउँपालिकामा** दोश्रो गाउँपालिका भएको छ ।

२९. **भूउपयोग योजना निर्मा**ण सम्पन्न भएको छ ।

३०. जनप्रतिनिधि, कर्मचारी र सेवाग्राहीवीच सेवाप्रवाह, विकास निर्माण तथा सेवा व्यवस्थापन गर्न **सरोकारवालाबीचमा पर्याप्त समन्वय र सहकार्य** भएको छ ।

## १७. सामाजिक परीक्षणवाट देखिएका चुनौती तथा सुधार गर्नु पर्ने पक्षहरु :-

१. गाउँपालिकाको पार्श्वचित्रलाई अद्यावधिक गरी विकास योजना तथा कार्यक्रम तर्जूमा र सेवा व्यवस्थापन प्रणालीमा आवद्ध गराउनु पर्दछ । साथै सूचना व्यवस्थापन प्रणालीलाई प्रविधिमैत्री बनाई शुक्ष्म सूचना व्यवस्थापन प्रणाली अवलम्बन गर्नुपर्ने हुन्छ ।

२. गाउँपालिकाको दिर्घकालिन लक्ष्य, उद्धेश्य र प्राथमिकता अनुसार दुरदृष्टी Long Term Vision लाई आत्मसात् गर्दै नीति तथा कार्यक्रम तयार गरी मध्यमकालनि खर्च संरचना अनुसार योजना तथा कार्यक्रम सञ्चालन गरिनु पर्दछ ।

३. गाउँ क्षेत्रको दिर्घकालिन विकासका लागि विषयगत योजना तथा गुरु योजना तयार गरी योजनाबद्ध रुपमा कार्यान्वयन गरिनु पर्दछ ।

४. संविधान तथा ऐन बमोजिम गाउँपालिकालाई प्राप्त अधिकार अनुसार बनाउन बाँकी रहेका विभिन्न कानुनहरु तर्जूमा गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

५. सामाजिक उपलब्धीलाई मापन गर्न सामाजिक परीक्षण कार्यलाई निरन्तरता दिई सार्वजनिक सुनवाई, लेखा परीक्षण, सामाजिक परीक्षण एवम् विभिन्न प्रकारका अध्ययन अनुसन्धान प्रतिवेदनबाट सुझाव प्राप्त गरी कार्यान्वयन गर्ने दिनु पर्दछ ।

